# उदयपुरगढी गाउँपालिकाको
# पार्श्वचित्र, २०७५
# उदयपुर, प्रदेश नम्बर १, नेपाल


उदयपुर जिल्लाको गाउँपालिका तथा नगरपालिकाको वडागत नक्सा
Legend
DistrictBoundary selection
District Boundary
palika Boundary
ward
ओखलढुंगा
सिन्धुली
खोटाङ
भोजपुर
धनकुटा
सुनसरी
सप्तरी
सिराहा
कटारी नगरपालिका
0 5 10 20 Kilometers
तयार गर्ने : तथ्यांक कार्यालय उदयपुर

# उदयपुरगढी गाउँपालिका



# भनाई

स्थानीय तहको गुरुयोजना बनाउन, आवधिक योजना बनाउन, वार्षिक बजेटलगायतका योजना बनाउनका लागि पार्श्वचित्र निर्माण आवश्यक छ। उदयपुरगढी गाउँपालिकाले पार्श्वचित्र निर्माण गर्न यस काउन्सिल एण्ड काउन्सिल प्रा.लि काठमाडौंलाई अवसर दिएकोमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । दुवै पक्षबीच भएको सम्झौताअनुसार तोकिएको समयभित्र काम सम्पन्न गर्न पाउँदा हामी आभारी छौं ।

गाउँपालिकाको यथार्थ र वस्तुगत विवरणहरू सङ्कलन गर्ने समय असाध्यै छोटो थियो तैपनि यो छोटो समयमा पार्श्वचित्र निर्माण सम्पन्न गर्न सक्यौं । गाउँपालिकाको हालको जनसंख्या, गाउँपालिकामा बसोबास गर्ने नागरिकको उमेर, लिङ्ग, धर्म, भाषा, शिक्षा, कृषि, पशुपालन, व्यापार, व्यवसाय, विकासलगायत सूचकहरू प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ। यस कार्यको लागि गाउँपालिकाका सामाजिक परिचालकहरू तथा अन्य सामाजिक अभियन्ताहरूले भर्ने 'पारिवारिक विवरण सङ्कलन फाराम'को विकास गरी माथिका तथ्याङ्कलाई स्थलगत भ्रमणकार्यबाट नै सङ्कलन गरिएको हो । यस कार्यमा खटिनु हुने सबैलाई धन्यवाद दिन चाहन्छौं । सामाजिक परिचालकसहितका अन्य व्यक्तिले सङ्कलन गरेका तथ्याङ्कलाई वैध र विश्वसनीय बनाउन गाउँपालिका जनप्रतिनिधिज्यूहरू, कर्मचारी, नागरिक समाज, विभिन्न संघसंस्थालगायत अन्य सरोकारवालाहरूबाट भएको सहयोगप्रति आभारी छौं ।

यसैगरी गाउँपालिकाका जनप्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट, अन्तवार्ता, छलफल गरी प्राथमिक विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । गाउँ कार्यपालिकाका विषयगत शाखा/फाँटबाट पनि प्राथमिक तथा सहायक किसिमका तथ्याङ्कहरू सङ्कलन गरी यो पार्श्वचित्र निर्माण गरिएको

हो । यसैगरी विगतका पार्श्वचित्रलगायत जिल्लामा प्राप्त भएका अन्य तथ्याङ्कको पनि सहयोग लिइ यसको निर्माण गरिएको हो ।

यसमा छुट्न गएका सामग्रीका बारेमा प्राप्त पृष्ठपोषणको आधारमा आगामी दिनमा सुधार गरिनु पर्छ। आगामी दिनमा समेत गाउँपालिकासँग निरन्तर सहकार्य गर्ने अपेक्षा राख्दछौं ।

**काउन्सिल एण्ड काउन्सिल प्रा. लि, काठमाडौं**

# विषयसूची


**खण्ड १** १

**परिचय** १

१. पृष्ठभूमि १

२. पार्श्वचित्रको उद्देश्य २

३. अध्ययन विधि ३

४. अध्ययनको सिमा ४

५. अध्ययन तालिका ६

६. अध्ययन टोली ७

७. प्रश्नावली ७

**खण्ड २** ८

**गाउँपालिकाको परिचय** ८

१. पृष्ठभूमि ८

२ गाउँपालिकाको संक्षिप्त परिचय, भौगोलिक अवस्थिति र क्षेत्रफल : ८

४ प्रमुख चाडपर्वहरू : ११

५ उदयपुरगढीका पुरातात्विक सम्पदाहरू : ११

६ केही मुख्य पर्यटकीय स्थलहरू १४

७ तालतलैया १४

८ मुख्य व्यापारिक महत्वका ठाउँ १५

९ खुला क्षेत्र १५

१० हेलिप्याड १५

११ अचल सम्पत्ति १६

१२. होटलको संख्या १६

१३. सडक कि.मी. १६

१४. वैंक तथा वित्तीय संस्था १६

१५. पकेट खेती १६

१६. व्यावसायिक खेती १६

१७. पार्क तथा उद्यानहरू १७

१८. बसपार्क वा बस स्टप १७

१९. खानेपानी प्रयोगको अवस्था १७
२०. ढल निकास १७
२१. उद्योगको संख्या १७
**खण्ड ३** १८
**उदयपुरगढी गाउँपालिकाको वर्तमान जनसङ्ख्या वितरण** १८
१. वडागत जनसङ्ख्याको अवस्था १८
२. वडागत शैक्षिक अवस्था २०
३. जात/जाती सम्बन्धी विवरण २२
४. मातृभाषा सम्बन्धी विवरण २३
५ शैक्षिक विवरण २४
७. प्रकाशको स्रोतसम्बन्धी विवरण २६
८. खानेपानीको स्रोत सम्बन्धी विवरण २६
९. खाना पकाउन प्रयोग गरिने इन्धन सम्बन्धी विवरण २८
१०. घरको स्वामित्व सम्बन्धी विवरण २९
११. अपाङ्गता सम्बन्धी विवरण २९
१२. परिवारले प्रयोग गरेको विभिन्न सुविधा सम्बन्धी विवरण २९
१३. कृषि तथा पशुतथ्याङ्क ३०
१४) वन सम्बन्धी तथ्याङ्क ३२
१५) सहकारी संस्थासम्बन्धी विवरण ३४
१६. पिको/लघु जलविद्युत आयोजना सम्बन्धी विवरण ३५
१७. सुरक्षा निकायसम्बन्धी विवरण ३६
१८) सिंचाइको स्रोत सम्बन्धी विवरण ३६
१९) सुचना तथा संचार सम्बन्धी विवरण ३७
२०) सडक यातायात सम्बन्धी विवरण ३८
२१. गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा सदस्यहरूको विवरण : ३९
**खण्ड ४** ४३
**वडागत तथ्याङ्क विश्लेषण** ४३
वडा नं. १ ४३
परिचय ४३

वडा नं. २ ५१
परिचय ५१
वडा नं. ३ ५७
परिचय ५७
वडा नं. ४ ६४
परिचय ६४
वडा नं. ५ ७०
परिचय ७०
वडा नं. ६ ७८
परिचय ७८
वडा नं. ७ ८७
परिचय ८७
वडा नं. ८ ९०
परिचय ९०
**खण्ड ५** ९६
**अध्ययनबाट देखिएका समस्या र चूनौति तथा समाधानहरू** ९६
**खण्ड ६** १०७
**अनुसूचीहरू** १०७
सन्दर्भ सामग्रीहरू : १२९

# खण्ड १

## परिचय (Introduction)

### १. पृष्ठभूमि

नेपाल विश्वको मनोरम, पर्यटकीय र सुन्दर देश हो । नेपालको हावापानी, अवस्थिति, वातावरणलगायत रहनसहन, रीतिरिवाज, संस्कृति अनुपम छ । नेपालको हिमालदेखि पहाडका कुना कन्दरा र खोंच र तराईका समथर भूमि जहाँ पनि मानिसको बसोबास छ । नेपालको जनसंख्या क्रमश: बृद्धि हुँदै गएको छ । जनसंख्या बृद्धिसँग सीमित स्रोतसाधनले गर्दा गाउँमा भन्दा शहरमा जनसंख्याको चाप देखिन्छ । गाउँबाट शहर वा नगरमा दिनहुँ बसाइसराइ हुने क्रम जारी छ । अव्यवस्थित शहरीकरण, जथाभावी बसाई सराई, जलवायु परिवर्तन असर जस्ता विविध किसिमका परिस्थितिले यहाँको प्राकृतिक एवं वातावरणमा नकारात्मक प्रभाव पारेको छ । यसलाई रोक्न ग्रामीण क्षेत्रको विकास गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो । गाउँमा विभिन्न अवसरहरूको सिर्जना गरी गाउँबाट नगर वा शहरमा हुने आन्तरिक बसाइसराइलाई रोक्नु वा न्युन बनाउनु पर्छ । विगतमा गाउँमा अपेक्षित विकास र सेवा सुविधा पुग्न नसक्दा आन्तरिक बसाइसराइले गाउँहरू रित्तो बन्न पुगेको तीतो यथार्थलाई मध्यनजर गर्दै संघीयतामा ग्रामीण क्षेत्रको विकासलाई केन्द्र विन्दुमा राख्नु पर्छ । अधिकार सम्पन्न स्थानीय तहको माध्यमबाट गाउँको विकास गर्नुपर्छ । आखिर गाउँको विकासबाट नै मुलुकले समृद्धि हाँसिल गर्छ । विद्यमान अवस्थामा केन्द्र वा संघीय सरकारदेखि प्रदेश र स्थानीय सरकारसँग विविध समस्या र चुनौतिहरू भएपनि समृद्धिको शिखर चुम्ने नेपाली आशालाई सफलीभूत पार्नुपर्छ । यसको लागि स्थानीय सरकारहरूले सबल, सहज र सफल रूपमा काम गर्नुपर्ने आवश्यता छ । नेपालको संविधान, २०७२, स्थानीय सरकार

सञ्चालन, ऐन २०७४ लगायतका विद्यमान संघीय तथा प्रदेश ऐन, कानुन र गाउँपालिकाका आफ्नै ऐन, नियमावली, कार्यविधिलगायतको अधीनमा रही स्थानीय सरकारहरू सञ्चालनमा छन् ।

## २. पार्श्वचित्रको उद्देश्य

स्थानीय जनसहभागिताको आधारमा स्थानीय साधन र स्रोतको अधिकतम उपयोग, आफ्नो आवश्यकता आफै पहिचान गरी कार्यान्वयन गर्ने, आन्तरिक प्रविधि र सीपको उपयोग तथा निर्णय प्रक्रियामा स्वयं संलग्न रहने जस्ता व्यवहारको विकास र विस्तार गर्न पारदर्शिताको समेत आवश्यकता पर्दछ । प्रत्येक नागरिकलाई आफ्नो योग्यता र क्षमताको आधारमा विकास निर्माण कार्यमा संलग्न गराउने प्रजातान्त्रिक वातावरण सिर्जना गर्न-गराउन विकासका पूर्वाधारहरू जस्तै : (शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत्, पिउने पानी, सामाजिक सुरक्षा, आर्थिक अवस्था, वातावरण आदि पक्षको जानकारी आवश्यक पर्ने हुँदा गाउँपालिकाको यथार्थपरक तथा वस्तुगत विवरणको लागि यो पार्श्वचित्र विवरण तयार गरिएको हो । पार्श्वचित्र तयार गर्नुका प्रमुख उद्देश्यहरू निम्नानुसार छन् :

१. गाउँपालिकाको शिक्षा, स्वास्थ्य, सञ्चार, सडक तथा यातायात, विद्युत्, खानेपानी, सामाजिक सुरक्षा र फोहोरमैला सम्बन्धी गतिविधिका वस्तुगत विवरण तयार गर्ने,
२. कृषि, व्यापार, उद्योग, रोजगार, व्यक्तिगत घटना, पर्यटन, सांस्कृतिक सम्पदा र संघसंस्था आदिको अद्यावधिक सूचना सङ्कलन गरी प्रस्तुत गर्ने,
३. गाउँपालिकाको भौतिक पूर्वाधार, आय, व्यय, सम्पत्ति र जनशक्तिको विवरण आदि तयार पार्ने,
४. गाउँपालिकाको महत्वपूर्ण क्षेत्र, सम्भावना र समस्याहरूको सूची बनाउने,
५. गाउँपालिकाको वडास्तरीय विशेषता तथा सङ्क्षिप्त तथ्याङ्क तयार गर्ने,

६. गाउँपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना तथा नीति निर्माण गर्न आवश्यक सूचना उपलब्ध गराइ सहयोग पु¥याउने,
७. आवधिक योजना तर्जुमा गर्न सघाउने तथा राष्ट्रिय संघसंस्थाहरू तथा अन्तर्राष्ट्रिय विकास साझेदार आदिलाई विकास निर्माणमा सघाउन अभिप्रेरित गर्ने ।
८. गाउँपालिकाभित्र बसोबास गर्ने जनताहरूको विभिन्न कोणबाट तथ्याङ्क सङ्कलन गरी अर्थपूर्ण विश्लेषण गर्ने ।

## ३. अध्ययन विधि (Methodology)

यस अध्ययनमा उपलब्ध भएसम्मका विभिन्न तथ्य, तथ्याङ्कलाई सूचना प्रविधिको माध्यमद्वारा विश्लेषण गरी विश्वको परिवर्तित आर्थिक तथा सामाजिक सन्दर्भ सापेक्ष हुने गरी आफ्नै मौलिकतालाई आधार मानी तयार पार्ने प्रयत्न गरिएको छ । यसमा राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, जिल्ला स्तरीय तथ्याङ्क कार्यालय, जिल्लामा तत्कालीन अवस्थामा रहेका विभिन्न सरकारी विषयगत कार्यालयहरू, गैरसरकारी संघसंस्था, सामुदायिक वन उपभोक्ता महासंघ, आमा समूह तथा युवा क्लब आदिका प्रकाशित तथ्याङ्क उपयोग गरिएका छन् । स्थलगत अध्ययन र अवलोकन नै यसको प्रमुख सूचनाको स्रोत हो ।

स्थानीय बुद्धिजीवि, राजनीतिकर्मी, समाजसेवी, व्यापारी, व्यवसायी, राष्ट्रसेवक आदिबाट संरचित प्रश्नावली (Structured Questionnare) मार्फत् सूचना सङ्कलन गरि प्रस्तुत गरिएको छ । गाउँपालिका क्षेत्रमा सञ्चालित सहभागितामूलक गोष्ठी, सेमिनार एवं अन्तरक्रियाबाट प्राप्त सुझावले पनि यस अध्ययनलाई सघाएको छ । गाउँपालिकाको यथार्थ विवरण प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ । सबै वडाहरूको महत्वपूर्ण विवरण सङ्कलन गरी गहन विवरण समावेश भएको छ । यस अध्ययनमा उदयपुरगढी गाउँपालिका, त्यहाँका सरोकारवाला व्यक्ति तथा व्यक्तित्व, वडा सचिव र घरधुरी सर्वेक्षण गर्न गाउँपालिकाका स्वयंसवेक

तथा अन्य व्यक्तिहरूबाट संकलित तथ्यपूर्ण सूचनालाई प्राथमिक स्रोतको रूपमा कायम गर्ने प्रयास भएको र आवश्यकता अनुसार विभिन्न अध्ययन सामग्री, प्रकाशनहरू, प्रतिवेदनहरू आदिलाई द्वितीय स्रोतको रूपमा उपयोग भएका छन् । वडाबाट प्राप्त तथ्याङ्कलाई वडागत शीर्षक दिएर व्याख्या गरिएको छ ।

**प्राथमिक स्रोतहरू** (Primary Sources)

यसका लागि निम्न अनुसारका प्रश्नावलीहरूको सहायता लिइएको छ :

१. हरेक घरधुरीबाट तथ्याङ्क सङ्कलन प्रश्नावली
२. वडा सचिवलाई सोधिने प्रश्नावली,
३. वडा अध्यक्षलाई सोधिने प्रश्नावली
४. समाजसेवीलगायतलाई सोधिने प्रश्नावली
५. गाउँपालिकाका विषयगत शाखा/फाँटका कर्मचारीको लागि प्रश्नावली फाराम
६. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखापाल र वडासचिवबाट प्राप्त जानकारी आदि ।

**द्वितीयक श्रोतहरू** (Secondary Sources)

विभिन्न सरकारी, गैरसरकारी र नीजि क्षेत्रहरूसँग सम्बन्धीत सूचना तथा तथ्याङ्कहरू, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू आदि द्वितीयक श्रोतका रूपमा सङ्कलन गरिएको छ भने उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालयका अभिलेखहरू, सूचना तथा तथ्याङ्कहरूलाई द्वितीयक श्रोतको रूपमा लिइएको छ ।

## ४. अध्ययनको सिमा (Limitation of the study)

भरपर्दो र बलियो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । उचित तहको यथार्थपरक एवं पर्याप्त सूचनामा आधारित भई जति

योजना तर्जुमा आधारित हुन सक्यो त्यो योजना त्यत्ति नै बढी वस्तुपरक र वैज्ञानिक हुन जान्छ । यस गाउँपालिकाको वस्तुगत विवरण सङ्कलन गर्ने र भावी योजनाहरू तर्जुमा गर्न सघाउने अभिप्रायले स्थलगत रूपमा सङ्कलित सूचना यस अध्ययनमा प्रस्तुत गरिएका छन् । ८ वटै वडामा अवस्थित विभिन्न भौतिक पूर्वाधार र जनजीवनबारे वस्तुगत तथ्याङ्कहरू समावेश गरिएको छ। पार्श्वचित्र तयारीमा प्रश्नावलीका माध्यमद्वारा घरधुरी सर्वेक्षण र जानिफकार व्यक्तिहरूसंग प्रत्यक्ष भेटी संकलित विवरणहरू समेत समावेश गरिएका छन् ।

उदयपुरका विभिन्न सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था र समितिहरूबाट प्राप्त सूचना तथा तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू र उदयपुरगढी गाउँपालिका कार्यालयबाट प्राप्त सूचना तथा तथ्याङ्क आदिको तथ्याङ्कीय सीमामा रही यो पार्श्वचित्र तयार गरिएको छ । तोकिएको श्रोतसाधनको सीमा क्षेत्रमा रही कार्य सुरू गरिएको एक महिनाको समयमा सर्वेक्षण र विवरणहरू तयार गरिएको छ। यस पार्श्वचित्र तयारीमा सामाजिक, आर्थिक र जनसांख्यिक विषयलाई प्राथमिकतामा राखी अध्ययन गरिएकोले प्राविधिक विषयहरूमा स्थलगत नापजाँच गर्ने कार्यलाई स्थानीय व्यक्तिको अनुमान, वडासचिव र तथ्याङ्क सङ्कलन गर्ने व्यक्तिहरूको कार्यदक्षताका आधारमा विवरण तयार भएको छ ।

गाउँपालिकाको जनशक्ति र भौतिक विकास निर्माणको सूचना समावेश गरिएको छ । सीमित समय, साधन र स्रोतको कारण कतिपय तथ्याङ्क छुटेका हुन सक्तछन् । समयको प्रवाह र आवश्यकताअनुसार सूचनाहरू थप र परिमार्जन गर्दै लैजानु पर्दछ ।

## ५. अध्ययन तालिका

**यस अध्ययनको कार्यतालिका निम्नानुसार छ :**

| क्र.सं. | विवरण | प्रथम हप्ता | | | | दोश्रो हप्ता | | | | तेश्रो हप्ता | | | | चौथो हप्ता | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रस्ताव आह्वान, आशय पत्र प्रस्तुति वार्ता, छलफल तथा सम्झौता | | | | | | | | | | | | | | | | |
| २ | आन्तरिक समन्वय बैठक प्रारम्भिक प्रतिवेदन प्रस्तुति | | | | | | | | | | | | | | | | |
| ३ | आन्तरिक तयारी र व्यवस्थापन सामग्रीहरूको अध्ययन तथा विश्लेषण अध्ययन प्रस्ताव लेखन र परिमार्जन, मस्यौदा प्रस्ताव प्रस्तुति र सुझाव हाह्वान | | | | | | | | | | | | | | | | |
| ४ | संगठन चार्ट लगायत थप विषयको अध्ययन, कार्यक्रमको विश्लेषण सूचना तथा अन्य सामग्रीको विश्लेषण | | | | | | | | | | | | | | | | |
| ५ | गाउँपालिकाको समस्या पहिचान प्रस्तावित पार्श्वचित्रको विस्तृत विवरण तयारी | | | | | | | | | | | | | | | | |

| क्र. सं. | विवरण | प्रथम हप्ता | | | | दोश्रो हप्ता | | | | तेश्रो हप्ता | | | | चौथो हप्ता | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रतिवेदनका लागि सुझाव सङ्कलन अन्तिम प्रतिवेदन प्रस्तुति | | | | | | | | | | | | | | | | |

## ६. अध्ययन टोली

यो अध्ययन काउन्सिल एण्ड काउन्सिल प्रा. लि., काठमाडौंबाट सञ्चालन भएको छ । अध्ययनमा संस्थाबाट प्रस्तावित गरिएका विज्ञ र आवश्यकताअनुसार अन्य विज्ञ जनशक्ति परिचालन गरिएको छ ।

## ७. प्रश्नावली

घरधुरी सर्वेक्षण फाराम, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत एवं वडा सचिवको लागि निर्माण गरिएका सर्वेक्षण फारामहरू अनुसूचीहरूमा संलग्न छन् ।

# खण्ड २

## गाउँपालिकाको परिचय

### १. पृष्ठभूमि

तत्कालीन अवस्थामा उदयपुर जिल्लाको मात्रै नभई त्यस भेगको नै सदरमुकाम रहेको उदयपुरगढी मुलुकले संघीय शासन प्रणाली अबलम्बन गरेसँगै स्थानीय तहको पुनःसंरचनामा उदयपुरगढी गाउँपालिका बनेको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको पूर्वाञ्चल विकास क्षेत्र, सगरमाथा अञ्चल, प्रदेश नम्बर १, उदयपुर जिल्लामा उदयपुरगढी गाउँपालिका पर्दछ । मुलुकका ७ सय ५३ स्थानीय तह/सरकार मध्ये उदयपुरगढी पनि एक हो ।

२६ं ४९' ५३" उत्तरी अक्षांशदेखि २७ं ०२' ०२" उत्तरी अक्षांशसम्म र ८६ं २६' ५०" पूर्वी देशान्तरदेखि ८६ं ३६' ५५" पूर्वी देशान्तरसम्म अवस्थित साविकको तावाश्री, वर्रे, डुम्रे, पञ्चावती तथा भलायाडाँडा गाउँ विकास समिति(गाविस)हरूलाई मिलाएर उदयपुरगढी गाउँपलिका बनेको हो । ऐतिहासिक महत्त्व बोकेका साविकको पञ्चावती तथा भलायाडाँडा गाविसमा पर्ने उदयपुगरगढी यस गाउँपालिकाको केन्द्र हो । जिल्लाको पुरानो सदरमुकाम एवं ऐतिहासिक पृष्ठभूमि भएको, चिसो हावापानी भएको उदययुरगढीको नामबाटै गाउँपालिकाको नाम तथा केन्द्र पनि उदयपुरगढी हो ।

### २ गाउँपालिकाको संक्षिप्त परिचय, भौगोलिक अवस्थिति र क्षेत्रफल :

प्राचीनकालदेखि हालसम्म आउँदा अलग पहिचान, अस्तित्व र चिनारी उदयपुरगढीले बोकेको छ । नेपाल एकीकरणपछि यस भेगको सदरमुकाम यस गढीमा सारिएपछि उदयपुरगढीको ख्याति अझ बढेको हो ।

वि. सं १८७२ मा उदयपुरको सदरमुकाम चौदण्डीगढीबाट उदयपुरगढीमा सारिएको हो (खतिवडा, २०७४ : ११३)। चुरे, भावर, दुन र महाभारत पर्वत समेटेर बनेको गाउँपालिकाले इतिहास बोकेको छ । जिल्ला सदरमुकाम गाईघाटबाट ४२ किलोमिटर उत्तर पश्चिम दिशामा यस गाउँपालिका अवस्थित छ । साविकका पञ्चावती, तावाश्री, वर्रे, डुम्रे र भलायडाँडा गाविसलाई जोडेर यो गाउँपालिका बनेको हो ।

गाउँपालिकाको घना बस्ती भएको ठाउँ नेपालटार बजार हो। हालै प्रस्तावित मदन भण्डारी लोकमार्ग अन्तर्गत पर्ने धरान-चतरा-हेटौंडा सडकमा पर्ने नेपालटार रमणीय ग्रामीण बजार हो । यस बजारबाट पूर्वतर्फ गाईघाट बजार र पश्चिमतर्फ कटारी बजार पर्दछ । विभिन्न सम्भावना बोकेको यस गाउँपालिकाको अर्को पहिचान वनजंगल हो । वनजंगल आम्दानीको प्रमुख स्रोत हो रहेको यस गाउँपालिकाको उदयपुरगढीमा पर्यटनको विशिष्ट सम्भावना छ । नेपालटार बजारमा पक्की घरहरू निर्माण भइरहेका छन् भने यस बजारभित्रै र बजार वरपर तथा अन्य वस्तीमा काठैकाठले बनेका आकर्षक घरले पर्यटकको मन तान्नेछ ।

तालिका : १

| क्रम संख्या | विवरण | मान | कैफियत |
|---|---|---|---|
| १ | अक्षांश | २६ ४९' ५३" उत्तरी अक्षांशदेखि २७ ०२' ०२" उत्तरी अक्षांशसम्म | |
| २ | देशान्तर | ८६ २६' ५०" पूर्वी देशान्तरदेखि ८६ ३६' ५५" पूर्वी देशान्तरसम्म | |

| क्रम संख्या | विवरण | मान | कैफियत |
|---|---|---|---|
| ३ | सिमाना | पूर्वः त्रियुगा नपा र रौतामाइ गाउँपालिका<br>पश्चिम : कटारी नगरपालिका<br>उत्तर : ताप्ली गाउँपालिका<br>दक्षिण : सिरहा जिल्ला | स्थानीय तह पुनःसंरचना आयोगको प्रतिवेदन अनुसार |
| ४ | क्षेत्रफल | २६९.५१ वर्ग कि.मी | |
| ५ | भोगोलिक विभाजन | चुरे, भित्री मधेश, पहाड | |
| ६ | केन्द्र | उदयपुरगढी | |
| ७ | वडा संख्या | ८ | |
| ८ | अवस्थिति (उचाइ) | १,१५७ मिटर (समुद्र सतहदेखि) | |

स्रोत : तथ्याङ्क कार्यालय, उदयपुर

यस गाउँपालिकामा निम्नानुसार वडा रहेका छन् :

तालिका : २

| साविकका गाविस | साविकका वडा | हालका वडा |
|---|---|---|
| तावाश्री | १ देखि ६ | १ |
| तावाश्री | ७ देखि ९ | २ |
| वर्रे | २ देखि ४ | |
| वर्रे | १ र ५ देखि ९ | ३ |
| डुम्रे | पुरै | ४ |
| पञ्चावती | ४ नम्बर बाहेकका सबै | ५ |

| साविकका गाविस | साविकका वडा | हालका वडा |
|---|---|---|
| पञ्चावती | ४ | ६ |
| भलायडाँडा | ३ र ९ | ७ |
| भलायडाँडा | १, २ र ४ देखि ८ | ८ |

**४ प्रमुख चाडपर्वहरू :**

| चाडपर्व | मनाउने दिन | मनाउने जातजाती | विशेषता |
|---|---|---|---|
| साकेला, चण्डी | वैशाख पूर्णिमा | राई | चण्डी नाँच |
| ल्होसार | माघ, फागुन | तामाङ |  |
| लाखे जात्रा | भदौ | नेवार | लाखे नाँच |
| मगर, मारुनी नाँच |  | मगर |  |
| दशैं, तिहार, तीज, साउने संक्रान्ति, चैते दशैं | साउन, भदौ, असोज, कार्तिक, चैत | ब्राह्मण, क्षेत्री, दलित तथा अन्य जनजाति |  |
| उभौली उधौली |  | किराँत |  |
| क्रिसमस |  | क्रिश्चियन |  |
| बालन नाँच | वैशाख पूर्णिमा | क्षेत्री, ब्राह्मण |  |

**५ उदयपुरगढीका पुरातात्विक सम्पदाहरू :**

उदयपुरगढीलाई चिनाउने र जीवन्तता दिने विभिन्न प्रकारका पुरातात्विक सम्पदाहरू पाइन्छन् । ती सम्पदालाई संरक्षण गर्दै प्रचारप्रसार गर्न सकेमा उदयपुरगढीको पर्यटन प्रबर्द्धनमा पनि सहयोग पुग्नेछ ।

**क) पञ्चावती मन्दिर :** पञ्चावती मन्दिर देवीको मन्दिर हो । यो मन्दिर उदयपुरगढीको अति महत्त्वपूर्ण पुरातात्विक सम्पदा हो । उदयपुरगढी र पुरानो गढीको लगभग बीच भागमा अवस्थित यस मन्दिरमा विभिन्न

कलात्मक मूर्तिसमेत रहेका छन् । यही मन्दिरको नाममा तत्कालीन पञ्चावती गाउँ विकास समितिको नामकरण भएको थियो । गाउँपालिकाको केन्द्रमा रहेको यस मन्दिरको प्रचार प्रसार भएमा पर्यटन विकासमा पनि योगदान पुग्ने देखिन्छ । पञ्चावती देवी, पञ्चावतीको नयाँ प्रतिमा, पुरानो गढी, नयाँ गढी, टुँडिखेल, निर्माणाधीन भ्यू टावर पनि मन्दिरको वरपर छन् ।



उदयपुरगढीस्थित पञ्चावती देवीको मन्दिर मिति : २०७५/०३/१५



उदयपुरगढीस्थित पञ्चावती देवीको मन्दिरमा अवस्थित शिला मिति : २०७५/०३/१५



उदयपुरगढीस्थित वरको रुख

ख) गणेश र देवीका प्रतिमा

ग) टुँडिखेल र नयाँ गढीका अवेशषहरू

घ) संसारीमाई

ङ) चुलाढुंगा शिव पार्वती

च) हाडेटार शिवजी

छ) केउरेनी महादेव

ज) ब्रह्मचारी धारा

झ) जोगीधारा

ञ) उदयपुरगढी संग्रहालय

यसैगरी वि.सं १९२४ को प्रस्तर, वि.सं १९७५ को ताम्रपत्र, वि.सं १९९४ को शिलालेखले उदयपुरगढीको ऐतिहासिक र पुरातात्विक महत्त्वलाई उजागर गरिरहेका छन् । यी अभिलेखलाई संरक्षण गर्नु पनि गाउँपालिकाको दायित्व हो ।

**६ केही मुख्य पर्यटकीय स्थलहरू**

- ककनी मन्दिर
- शिवालय
- गणेश मन्दिर
- ताप्ली पोखरी
- उदयपुरगढी
- काभ्रेश्वर मन्दिर
- हाडेश्वर (महादेव मन्दिर)
- महाकाली देवीथान
- ध्याम्पा थुम्का

**७ तालतलैया**

- चुनिया छबे झरना,
- बैद्यनाथ खोला

- माटेखोला
- वडरेखोला
- इन्द्रेणी पोखरी
- ताप्ली पोखरी
- तावा खोला
- वलन खोला
- साईपा खोला

**८ मुख्य व्यापारिक महत्वका ठाउँ**

- नेपालटार
- हाडेवास
- ब्वासे
- बाहुनीटार
- नयाँबजार
- मान्सिबटार, जरुवा बजार
- नेपालटार बजार
- उदयपुरगढी

**९ खुला क्षेत्र**

- नरेटार,
- टुडीखेल,
- भकुण्डेचौरी,

**१० हेलिप्याड**

- ठकुरीटार, वडा नम्बर ७, ८
- बाहुनीटार, वडा नम्बर १, २
- टुडीखेल, वडा नम्बर ५, ६

## ११ अचल सम्पत्ति

- भवन ११ वटा
- जमिन २६५ रोपनी
- गाडी १ वटा
- मोटरसाइकल विवरण उल्लेख नभएको
- अन्य मेसिनरी
- अन्य १ क्यामरा

## १२. होटलको संख्या

- साधारण १३ वटा

## १३. सडक कि.मी.

- ग्राभेल १७०
- कच्ची १४२
- जम्मा ३१२

## १४. वैंक तथा वित्तीय संस्था

- सहकारी संस्था ७ वटा
- फाइनान्स २ वटा

## १५. पकेट खेती

- तोरी सुन्तला, खाद्यान्न बाली, कागती, अदुवा, बेसार

## १६. व्यावसायिक खेती

- तरकारी

**१७. पार्क तथा उद्यानहरू**

- भकुण्डेचौरी, उदयपुरगढी

**१८. बसपार्क वा बस स्टप**

- विरालेटार, वडा नम्बर २, ३
- जरुवा वजार, वडा नम्बर २, ३
- नेपालटार, वडा नं. ६
- उदयपुरगढी, वडा नं. ५
- कुरकुनटार, वडा नं. ५

**१९. खानेपानी प्रयोगको अवस्था**

- खोला, कुवा र पाईप
- खेलकूद मैदान
- नरेटार
- ठकुरीटार
- उदयपुरगढी
- केउरेनी
- भकुण्डेचौरी

**२०. ढल निकास**

- नेपालटार वजार, पञ्चावती

**२१. उद्योगको संख्या**

- साना २ वटा

# खण्ड ३

## उदयपुरगढी गाउँपालिकाको वर्तमान जनसङ्ख्या वितरण

### १. वडागत जनसङ्ख्याको अवस्था

तालिका नं ३

| | जम्मा घर धुरी | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | ८४३ | २५५५ | १३२८ | १२२७ | ८४० | ८२१ | २७ |
| वडा नं. २ | ६१३ | ३१०९ | १६०३ | १५०६ | १६४२ | १३१५ | १३ |
| वडा नं. ३ | ५५७ | ३१७१ | १६५२ | १५१९ | १६६४ | १४५१ | १० |
| वडा नं. ४ | ४०६ | २०८८ | १११३ | ९७५ | १०९१ | ८२९ | १३ |
| वडा नं. ५ | ९२५ | ४७६१ | २४९३ | २२६८ | २६२८ | २११८ | २६ |
| वडा नं. ६ | १०२४ | ७१३६ | ३७२४ | ३४१२ | २९११ | २२२४ | १९ |
| वडा नं. ७ | १२८६ | ४७१४ | २४५३ | २२६१ | २०४८ | १८८९ | १५ |
| वडा नं. ८ | ९२६ | ४७१६ | २४०६ | २३१० | २२२९ | २१७२ | २४ |
| **जम्मा** | ६५८० | ३२२५० | १६७७२ | १५४७८ | १५०५३ | १२८१९ | १४७ |

माथिको तालिकामा गाउँपालिकाको जम्मा जनसंख्या ३२,२५०, घरधुरी संख्या ६,५८०, पुरुष संख्या १६,७७२, महिलाको संख्या १५,४७८, देखिन्छ। यसैगरी अपाङ्गताको संख्या १४७ छ।

तालिका नं ४

| जम्मा घर धुरी | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|
| ६५८० | ३२२५० | १६७७२ | १५४७८ | १५०५३ | १२८१९ | १४७ |

स्तम्भ चित्र १




स्तम्भ चित्र २




माथिको स्तम्भ चित्रमा सबैभन्दा धेरै जनसंख्या भएको वडा ६ देखियो जसमा ७१३६ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या भएको वडा नं. ४ देखियो जसको कुल जनसंख्या २०८८ रहेको छ । तथ्याङ्क सङ्कलनका क्रममा कतिपय परिवारका सबै सदस्यहरु घरबाहिर रहेकाले पटक पटकप्रयास गर्दा पनि सम्पर्क गर्न नसकिएकोले कुल संख्यामा केही तलमाथि भएको छ ।

स्तम्भ चित्र ३




माथिको स्तम्भ चित्र अनुसार १६ वर्षदेखि ३० वर्षसम्मको जनसंख्या सबैभन्दा धेरै देखियो । सबैभन्दा कम ७० वर्षभन्दा माथिको उमेरसमूह देखियो ।

## २. वडागत शैक्षिक अवस्था

स्तम्भ चित्र ४




यस गाउँपालिकामा वडा नं. ५ मा ८ कक्षा भन्दा कम पढ्नेको संख्या धेरै देखियो भने सोही तहमा पढ्नेको संख्या वडा नं ७ मा कम देखियो । यस्तैगरी स्नातक र सोभन्दा माथि अध्ययन गर्नेको संख्या वडा नं. ७ मा

धेरै देखियो । यस्तै गरी स्नातक र सोभन्दा माथि अध्ययन गर्नेको संख्या ७.५६ प्रतिशत रहेको छ भने अशिक्षितको संख्या ३२.९६ प्रतिशत देखिन्छ ।

स्तम्भ चित्र ५




माथिको तालिकामा उल्लेख भएअनुसार पशुपालनको दृष्टिकोणबाट सबैभन्दा धेरै पशुपालन वडा नं. ५ मा गरेको देखियो । यस्तैगरी सबैभन्दा कम पशुपालन वडा नं ४ मा देखियो । सबै वडाको संख्या हेर्दा कुखुरापालन फस्टाएको देखियो । त्यसपछि बाखापालन गरेको देखियो । हाँस सबैभन्दा कमले पालेको देखियो ।

तालिका नं. ५

| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा घर संख्या** | ८२० | ६१५ | ६०१ | ३८५ | ९९७ | १०९० | ७३८ | ५२४६ |
| **पक्की घर** | ० | २ | ० | १ | ८ | २१ | १० | ४२ |
| **जस्ताका** | १५२ | ३० | ९० | ७५ | २६६ | २५१ | ६८ | ९३२ |
| **टायल** | २१६ | १५ | १३ | ६७ | ३७९ | ६३४ | २२ | १३४६ |
| **काठ** | ८ | ० | ७ | ० | १ | ० | ० | १६ |
| **खर/परालले छाएको** | ४१३ | ४ | ४९० | ६३ | ४५६ | १८४ | ३१ | १६४१ |

माथिको तालिकाअनुसार सबैभन्दा भन्दा घरहरू खर/परालले छाएको देखियो । त्यस्तै पक्कि घरको संख्या पनि कम नै देखियो । आर्थिक हिसाबले भन्नुपर्दा खर/परालले स्थानीय स्तरमै उपलब्ध हुनेहुँदा स्थानीय स्तरमा पैसाको वचत भएको मान्नुपर्छ ।

**वृत्तचित्र १**




स्तम्भ चित्र ६




## ३. जात/जाती सम्बन्धी विवरण

यस गाउँपालिकामा २१ भन्दा बढी जातजातिको बसोबास रहेको छ ।

जनजाति मध्ये सबैभन्दा बढी मगर २८.७९ प्रतिशत, तामाङ १७.३५ प्रतिशत, प्रतिशत, राई १०.१० प्रतिशत रहेको छ । त्यसैगरी यहां करिब ६५ प्रतिशत जनजातिको बसोबास रहेकाले यो जनजाति बाहुल्य गाउँपालिका बनेको देखिन्छ भने करिब २१ प्रतिशत ब्राहमण क्षेत्रीको बसोबास छ । त्यसैगरि करिब १५ प्रतिशत दलित जातिको बसोबास रहेको देखिन्छ ।

## ४. मातृभाषा सम्बन्धी विवरण

यस उदयपुरगढी गाउँपालिकामा १० भन्दा बढी मातृभाषा भाषी रहेको छ । सबैभन्दा बढी नेपाली मातृभाषी करिब ४८ प्रतिशत, दोस्रोमा करिब २७ प्रतिशत मगर, तेस्रोमा १६ प्रतिशत तामाङ र बाँकी अन्य मातृभाषीहरू रहेको देखिन्छ ।

| मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | १४७८७ | ४८.१२ |
| मगर | ८२३८ | २६.८१ |
| तामाङ्ग | ५०१८ | १६.३३ |
| राई | ११७५ | ३.८२ |
| चाम्लिङ्ग | ९५७ | ३.११ |
| नेवार | २२८ | ०.७४ |
| मैथिली | ५६ | ०.१८ |
| बज्जिका | ५४ | ०.१८ |
| शेर्पा | ४७ | ०.१५ |
| वाम्बुले | ४५ | ०.१५ |
| अन्य | ४६ | ०.१५ |
| उल्लेख नभएको | ८० | ०.३९ |
| कूल जम्मा | ३०७३१ | १००.०० |

स्रोत : उदयपुरगढी गाउँपालिका, वस्तुगत विवरण २०७४

## ५ शैक्षिक विवरण

गाउँपालिका ३१ पूर्व प्राथमिक विद्यालय, २२ वटा पूर्वप्राथमिकदेखि आधार भुत तहसम्मका विद्यालय, ६ वटा पूर्वप्राथमिकदेखि माध्यमिक तहसम्म विद्यालय, ६ वटा पूर्वप्राथमिकदेखि माध्यमिक तहसम्म विद्यालयहरू छन् । जसमा ३ वटा निजी र ६१ वटा सामूदायिक विद्यालयहरू छन् ।

### सामुदायिक विद्यालयका विद्यार्थी संख्या

| कक्षा/विद्यार्थी | केटा | केटी | कूल |
|---|---|---|---|
| १-५ | २,३३३ | २,२७९ | ४,६१२ |
| ६-८ | १,०८६ | १,१५६ | २,२४२ |
| ९-१० | ५२२ | ५८८ | १,११० |
| ११-१२ | ३८ | ४६ | ८४ |
| | | | |

### (क) निजी विद्यालयका विद्यार्थी संख्या

| कक्षा/विद्यार्थी संख्या | केटा | केटी | कूल |
|---|---|---|---|
| १-५ | १९६ | १५० | ३५४ |
| ६-८ | ३२ | १४ | ४६ |
| ९-१० | १० | ३ | १३ |

स्रोत : गाउँपालिका शिक्षा शाखा

उदयपुरगढी गाउँपालिकाको कूल साक्षरता ६४.७० प्रतिशत, पुरुष साक्षरता ७२.९० प्रतिशत र महिला साक्षरता ५७.५० प्रतिशत रहेको देखिन्छ । सबैभन्दा बढी साक्षरता वडा नं. ४ को ७१.२० प्रतिशत र सबैभन्दा कम वडा नं. १ को ५४.३३ प्रतिशत रहेको छ । यस गाउँपालिकाको दुईवटा वडाहरू ४ र ७ को साक्षरता ७० प्रतिशत भन्दा बढी रहेको छ भने बांकी छ वटा वडाहरूको साक्षरता प्रतिशत ७० भन्दा कम रहेको देखिन्छ । अझ

वडा नं. १ र २ को साक्षरता प्रतिशत ६० भन्दा पनि कम रहेको छ ।

| वडा | स्थान | साक्षरता प्रतिशत |
|---|---|---|
| १ | तावाश्री | ५४.३३ |
| २ | तावाश्री बर्रे | ५८.४१ |
| ३ | बर्रे | ६३.३२ |
| ४ | डुम्रे | ७१.२० |
| ५ | पञ्चावती | ६३.५८ |
| ६ | पञ्चावती | ६७.६७ |
| ७ | भलायाडाँडा | ७०.०२ |
| ८ | भलायाडाँडा | ६६.१७ |
| जम्मा ६४.७० | | |

## ख) शैक्षिक संस्थाहरूको विवरण

| विवरण | सरकारी/सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|
| आधारभूत विद्यालय | ४८ | १ | ४९ |
| माध्यमिक विद्यालय | १२ | – | १२ |
| वेद विद्याश्रम | १ | – | १ |

## ६ स्वास्थ्य संस्था सम्बन्धी विवरण

| जिल्ला अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीको नाम | वडा नम्बर |
|---|---|
| स्वास्थ्य चौकी तावाश्री | १ |
| स्वास्थ्य चौकी बर्रे | ३ |
| स्वास्थ्य चौकी डुम्रे | ४ |
| स्वास्थ्य चौकी उदयपुरगढी | ५ |
| स्वास्थ्य चौकी भलायडाँडा | ८ |

## ७. प्रकाशको स्रोतसम्बन्धी विवरण

यस गाउँपालिकामा प्रकाशको स्रोतको रूपमा अझै करिब एक तिहाइ घरपरिवारले मट्टीतेल प्रयोग गरेको देखिन्छ भने करिब ६२ प्रतिशत घरपरिवारले सोलार तथा बिजुली बत्तीको प्रयोग गरेको देखिन्छ । अझै करिब ६ प्रतिशत घरपरिवारले प्रकाशको स्रोतको रूपमा ब्याट्री, दाउरा आदि प्रयोग गरेको देखिन्छ । यहाँ स्थानीय लघु जलविघुतबाट करिब ४ प्रतिशत घरपरिवारले मात्रै विद्युत उपयोग गरेको देखिन्छ । यो गाउँपालिका अझै विद्युतको राष्ट्रिय प्रसारण लाइनसँग आबद्ध नभएकाले विजुली बत्तीको सुविधा नरहेको देखिन्छ । यहाँको प्रमुख प्रकाशको स्रोत सोलार नै रहेको छ जुन करिब ५८ प्रतिशत घरपरिवारले उपयोग गरेको देखिन्छ ।

| प्रकाशको स्रोत | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| बिजुली | २५६ | ४.१४ |
| मट्टीतेल | १९८९ | ३२.१९ |
| बायोग्याँस | १८ | ०.२९ |
| सोलार | ३५७६ | ५७.८७ |
| अन्य | ३३२ | ५.३७ |
| उल्लेख नभएको | ८ | ०.१३ |
| कूल जम्मा | ६१७९ | १०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## ८. खानेपानीको स्रोत सम्बन्धी विवरण

यहाँका करिब ६७ प्रतिशत घरपरिवारले धारा/पाइप, ट्युबेल/हातेपाइप जस्ता व्यवस्थित स्रोतबाट खानेपानी प्रयोग गरेको देखिन्छ भने अझै करिब ३३ प्रतिशत घरपरिवारले खानेपानीको रूपमा खुला इनार वा कुवा तथा नदी वा खोलाजस्ता अव्यवस्थित स्रोतको प्रयोग गर्न बाध्य रहेको देखिन्छ ।

| खानेपानीको स्रोत | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| धारा / पाइप | ३७०५ | ५९.९६ |
| ट्युबेल / हातेपाइप | ३१४ | ५.०८ |
| ढाकिएको इनार/कुवा | ११७ | १.८९ |
| नढाकिएको इनार/कुवा | १३८४ | २२.४० |
| मूल धारा | ११३ | १.८३ |
| खोला/नदी | ५२५ | ८.५० |
| अन्य | १२ | ०.१९ |
| उल्लेख नभएको | ९ | ०.१५ |
| कूल जम्मा | ६१७९ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

**खानेपानी स्रोतको नाम**

| सि.नं. | खानेपानी स्रोतको नाम | वडा |
|---|---|---|
| १ | वैद्यनाथ वैजनी खोला | ४ |
| २ | भेडीखोर खोला | ४ |
| ३ | वडहरे खोला | ४ |
| ४ | माटेखोला | ४ |
| ५ | चुनिया खोला/जल्केनी खोला | ४ |
| ६ | चैतेखोला | ७ |
| ७ | बैद्यनाथ खोला | ८ |
| ८ | बलानखोला | ७ |
| ९ | ध्वासेखोला | ७ |
| १० | रिस्कु खोला | ५ |
| ११ | वैद्यनाथखोला | ५, ६ |
| १२ | भेडीखोला | ५ |
| १३ | भालुखोला | ३ |

| सि.नं. | खानेपानी स्रोतको नाम | वडा |
|---|---|---|
| १४ | धिलेखोला | १ |
| १५ | चप्लेती खोला | १ |
| १६ | धमिले खोला | १ |
| १७ | वकुवा खोला | १ |
| १८ | भालुखोप | २ |
| १९ | गेखेखोला | २ |
| २० | तावा खोला | १,२,३ |

## ९. खाना पकाउन प्रयोग गरिने इन्धन सम्बन्धी विवरण

यस गाउँपालिकामा करिब ९६ प्रतिशत घरपरिवारले परम्परागत शैलीको काठ तथा दाउराबाट खाना पकाउने गरेको देखिन्छ भने मट्टीतेल, गोबर ग्यास, बायो ग्यास र बिजुलीबत्तीको प्रयोगले खाना पकाउने प्रयासको थालनी ३.६० प्रतिशत घरपरिवारले गरेको देखिन्छ ।

| खाना पकाउन प्रयोग गरिने इन्धनको प्रकार | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| काठ / दाउरा | ५९४९ | ९६.२८ |
| मट्टीतेल | ४९ | ०.७९ |
| एल.पी. ग्यास | २२ | ०.३६ |
| गोबर | १३८ | २.२३ |
| बायोग्यास | ११ | ०.१८ |
| बिजुली | २ | ०.०३ |
| उल्लेख नभएको | ८ | ०.१३ |
| कूल जम्मा | ६१७९ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## १०. घरको स्वामित्व सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| **जम्मा घरपरिवार संख्या** | **६१७९** | **१००** |
| आफ्नै | ६०८४ | ९८.४६ |
| भाडामा | ६० | ०.९७ |
| संस्थागत | ८ | ०.१३ |
| अन्य | २७ | ०.४४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## ११. अपाङ्गता सम्बन्धी विवरण

| क्षेत्र | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| जम्मा जनसंख्या | ३०,७३१ | १४,५०१ | १६,२३० |
| अपांगता भएका जनसंख्या | ८३७ | ४७५ | ३६२ |
| शारीरिक अपांगता | २७० | १५७ | ११३ |
| अन्धा/दृष्टि समस्या | ९० | ४६ | ४४ |
| बहिरा/सुनाईमा समस्या | १६१ | ९९ | ६२ |
| अन्धा र बहिरा | ६ | ४ | २ |
| बोलाईमा समस्या | १३८ | ७७ | ६१ |
| मानसिक समस्या | ३५ | १९ | १६ |
| बौद्धिक समस्या | ४६ | २२ | २४ |
| बहुअपांगता | ९१ | ५१ | ४० |

स्रोत : राष्ट्रिय जनगणना, २०६८, के.त.वि.

## १२. परिवारले प्रयोग गरेको विभिन्न सुविधा सम्बन्धी विवरण

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| जम्मा घर परिवार संख्या | ६१७९ | १००.०० |

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| उल्लेखित कुनै नभएका | २००० | ३२.३७ |
| कम्तिमा एउटा भएका | ४१०५ | ६६.४३ |
| रेडियो | २९०६ | ४७.०३ |
| टेलिभिजन | ३५१ | ५.६८ |
| केबल | १८ | ०.२९ |
| कम्प्युटर | २३ | ०.३७ |
| इन्टरनेट | २ | ०.०३ |
| टेलिफोन | ५६ | ०.९१ |
| मोबाईल | २९४४ | ४७.६५ |
| मोटर | ३ | ०.०५ |
| मोटरसाईकल | ३९ | ०.६३ |
| साईकल | १५६ | २.५२ |
| अन्य सवारी | १ | ०.०२ |
| रेफ्रिजेरेटर | २ | ०.०३ |
| उल्लेख नभएको | ७४ | १.२० |

स्रोत :राष्ट्रिय जनगणना, २०६८, के.त.वि.

## १३. कृषि तथा पशुतथ्याङ्क

### क) पशुपंक्षी तथ्याङ्क

यस गाउँपालिकाको प्रमुख आर्थिक स्रोतको रूपमा पशुपालन रहेको देखिन्छ। यहाँका प्रत्येक घरपरिवारले औसतमा करिब १० वटा ठूलाचौपाया गाईभैंसी तथा १९ वटा साना चौपाया बाख्रा, बंगुर तथा कुखुरा पालन गरेको देखिन्छ। यहाँका अधिकाशं घरपरिवारले स्थानीय जातकै पशुपालन गरेका छन भने थोरै संख्यामा उन्नत जातका गाई, भैंसी, बाख्रा तथा बंगुरपालन गरेको देखिन्छ।

| वडा नं | पशुपंक्षी तथ्याङ्क | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाई | | भैसी | | बाख्रा | | बंगुर | | कुखुरा | | अन्य | |
| | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत |
| १ | ४३३८ | ८४ | १९३८ | १३८ | ७३१४ | १४४० | ७४४ | १८६ | ७२५४ | ५३४ | ० | ० |
| २ | ४६७७ | ४६ | ४०३३ | १६० | ५९६२ | ११८९ | ६६६ | १५९ | ३७९३ | २७४ | ० | ० |
| ३ | ५००४ | ० | ६१०८ | १६८ | ४५७८ | ९१२ | ५७० | १२० | ३३० | ० | ० | ० |
| ४ | ४१३१ | ० | ९२४ | २५६ | ३६३५ | ७२३ | ४५८ | ९२ | ३३० | ० | ० | ० |
| ५ | १०१५२ | ० | ३९१२ | ६८८ | १२८५६ | ४२०८ | १८८० | ३७६ | १२२४ | १६५३६ | ० | ० |
| ६ | १२७४ | ० | ४९० | ११५ | १६१५ | ५३१ | २३७ | ५५ | १५७ | २०६९ | ० | ० |
| ७ | २१४६ | ११० | ८७६ | १७३ | २९४३ | ८३१ | ३७४ | ११९ | २७३ | ३६२९ | ० | ० |
| ८ | ७५०४ | ३५० | ३०५२ | ६०२ | १०२९० | २८८४ | १३०२ | ३९९ | ९३८ | १२६८४ | ० | ० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## ख) खेति योग्य जमिन सम्बन्धी विवरण

| जमिन (हे.) | खेती योग्य जमिन (हे.) | प्रतिशत |
|---|---|---|
| २७४९२ | ३४६१ | १२.५९ |

श्रोत : जिल्ला कृषि विकास कार्यालय, उदयपुर

## ग) भू-उपयोगको स्थिति

| स्थान | जम्मा जमिन | खेतीयोग्य जमिन | वनजंगल | चरन क्षेत्र | चट्टान नदीनाला |
|---|---|---|---|---|---|
| डुम्रे | १९४३ | ५७४ | ५७७ | ७३ | ७१९ |
| बर्रे | २९४६ | ६४३ | १४८२ | २२० | ६०१ |
| भलायाडाँडा | ११८४६ | ७८५ | ७७३६ | ३११० | २१५ |
| पञ्चावती | ५१३९ | ४५२ | ४३१८ | ११५ | २५४ |

| स्थान | जम्मा जमिन | खेतीयोग्य जमिन | वनजंगल | चरन क्षेत्र | चट्टान नदीनाला |
|---|---|---|---|---|---|
| तावाश्री | ५३४८ | १००७ | ४२०३ | ० | १३८ |
| उदयपुरगढी गा.पा. | २७२२२ | ३४६१ | १८३१६ | ३५१८ | १९२७ |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, उदयपुर

### घ) पकेट क्षेत्रको रूपमा विकाश गर्न सकिने सम्भाव्य प्रमुख बालीहरू

| स्थान | बालीहरू (प्राथमिकताको आधारमा) |
|---|---|
| बर्रे | खाद्यान्न, तरकारी, सुन्तला, कागती, अलैची |
| डुम्रे | खाद्यान्न, तरकारी, सुन्तला, कागती, अलैची, फलफूल |
| पञ्चावती | खाद्यान्न, तरकारी, आँप, कागती, बेसार |
| तावाश्री | खाद्यान्न, सुन्तला, अदुवा, बेसार, तरकारी |
| भलायाडाँडा | सुन्तला, आँप, लिचि, कफी, तरकारी, मौरी, खाद्यान्न बाली, जिरा धनिया |
| उदयपुरगढी गा.पा. | सुन्तला, आँप, लिची, कफी, तरकारी, मौरी, खाद्यान्न बाली, जिरा धनिया, कागती, अलैची, अदुवा, बेसार |

स्रोत जिल्ला कृषि विकास कार्यालय, उदयपुर

## १४) वन सम्बन्धी तथ्याङ्क

### क) सामुदायिक वन उपभोक्ता समितिसम्बन्धी विवरण

| क्र.सं. | सा.व.उ.स.को नाम | वडा नं | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | वर्षा | ५ | १८०.२५ | १३० | ६५३ |
| २ | वतासचुली | ५ | १९८.४० | ५४ | २६८ |
| ३ | मौवासी | ५ | १९८.८० | १३३ | ५८४ |
| ४ | सागर | ६ | २३७.१० | ४९ | ३७३ |
| ५ | सङ्गम | ६ | १८०.०० | ९१ | ६५८ |

| क्र.सं. | सा.व.उ.स.को नाम | वडा नं | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| ६ | देउराली | ७ | ३१५.३६ | १२४ | ७२७ |
| ७ | आकाशगंगा | ७ | ३२५.४० | १२३.०० | ६९८.०० |
| ८ | व्लान | ७ | २३०.२ | ८३ | ४४४ |
| ९ | बलानशिर | ७ | ३७३.६० | ११४ | ९३८ |
| १० | राजाजी | ७ | ३०६.१० | १०० | ४१२ |
| ११ | बरगाछी | ७ | १९९.३६ | ८० | ४६५ |
| १२ | पोखरी | ७ | ११०.५० | ७२ | ३९२ |
| १३ | दियाले | ७ | १९९.४० | ८८ | ७१७ |
| १४ | रक्साहा | ७ | ३२३.२० | १८४ | ९४७ |
| १५ | प्रगतिशिल | ६ | १२१.१ | ११६ | |
| १६ | पाथीभरा | ५ | १९३.२५ | ६६ | ५२४ |
| १७ | सीता | ६ | २९४.३० | ६१ | ३३० |
| १८ | रातमाटे दनुवारबेसी | ६ | १५९.५१ | ७८ | ३६५ |
| १९ | सरस्वती | ६ | १६४.६० | १०२ | ५०७ |
| २० | मलिका | ६ | ३०६.२० | १४३ | ७३४ |
| २१ | कालिका | ६ | १५३.४७ | ८१ | ४७० |
| २२ | पञ्चावती | ५ | १५६.६० | १०३ | ५५३ |
| २३ | निशान | ५ | १२३.०० | ९३ | ५४७ |
| २४ | कसुमबोट | ५ | ३४०.५० | १५२ | १४४६ |
| २५ | बागेश्वरी | ६ | ८४.४० | ७२ | ४०० |
| २६ | चियावारी | ७ | ३८०.६० | १४६ | ७९५ |
| २७ | विश्वकन्चन | ७ | २१८.६४ | ६१ | ३९२ |
| २८ | विजनवारी | ७ | ९१.०० | १४६ | ६७८ |
| २९ | पौवा | ८ | १७७.८० | ११३ | ७२० |
| ३० | मनकामना | ७ | १९२.३० | ९२ | ४९९ |
| ३१ | पञ्चकन्या | ७ | १६२.०० | ८८ | ५४५ |
| ३२ | गैंडेश्वर | ८ | २३७.८० | १८० | १३३९ |
| ३३ | ध्रुब तारा | ८ | १५५.१० | ९७ | ५४३ |
| ३४ | झिरहरी | ६ | २५१.९९ | ७१ | ४४९ |
| ३५ | दयालु | ५ | ८३.२० | ७६ | ४६३ |
| ३६ | गतिशिल | ५ | १९५.३३ | १५९ | ७०७ |
| ३७ | हजारे | १ | १७७.९० | १२४ | ६३९ |
| ३८ | सगरमाथा हिमाल | १ | ७२.०० | २६ | १४९ |

| क्र.सं. | सा.व.उ.स.को नाम | वडा नं | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| ३९ | मायालु | १ | ३२५.४० | १३५ | ७१६ |
| ४० | शिवालय | १ | ५६.५० | ५२ | २५८ |
| ४१ | महाकाली | १,५ | १०९.६० | ९९ | ५०९ |
| ४२ | भुल्के | १ | १७०.८० | १५५ | |
| ४३ | जनता | १ | १३९.२० | १२९ | ७३९ |
| ४४ | साहसी | २ | १७८.४९ | १०७ | ६३५ |
| ४५ | नरेटार | ८ | १०८.२० | ७३ | ४२४ |
| ४६ | गतिशिल | ५ | १९५.३३ | १५९ | ७०७ |

स्रोत : जिल्ला वन कार्यालय, उदयपुर

## ख) सामुदायिक तथा अन्य वनसम्बन्धी विवरण

नोट : वन क्षेत्रका लागि प्रयोग गरिएको परिभाषा तथा समय सन्दर्भअनुसार वनको क्षेत्रफल फरक पर्न सक्दछ ।

| स्थान | क्षेत्रफल | वनले ढाकेको क्षे. | सामुदायिक वनको क्षे. | संलग्न घरधुरी | वन संख्या | राष्ट्रिय वन |
|---|---|---|---|---|---|---|
| बर्रे | २९४६ | २३०३ | ० | ० | ० | २३०३ |
| डुम्रे | १९२३ | १३४९ | ० | ० | ० | १३४९ |
| पञ्चावती | ५१३९ | ४६७८ | ३५७३ | १७७६ | १९ | ११०५ |
| तावाश्री | ५३४८ | ४३४१ | १२१४ | ८२६ | ८ | ३१२७ |
| भलायडाँडा | ९०४६ | ८२६१ | ४१८९ | १९५४ | १९ | ४०७२ |
| कूल | २४४०२ | २०९३२ | ८९७६ | ४५५६ | ४६ | ११९५६ |

स्रोत : जिल्ला वन कार्यालय, उदयपुर

## १५) सहकारी संस्थासम्बन्धी विवरण

यस उदयपुरगढी गाउंपालिकामा जम्मा १५ वटा सहकारी संस्थाहरू संचालित छन् । जस मध्ये बचत ऋण सहकारी ४ वटा, बहुउद्देश्यीय सहकारी १ वटा, कृषि सहकारी ८ वटा र जडिबुटी सहकारी २ वटा रहेका छन् ।

| क्रस | संघ, संस्थाको नाम | वडा नं. |
|---|---|---|
| **बचत तथा ऋण सहकारी संस्था लि.** | | |
| १ | छिन्द्रिब देवी वचत तथा ऋण स.सं.लि. | ३ |
| २ | पौवा लघुउद्यमी बचत तथा ऋण स.सं. लि. | ६ |
| ३ | दनुवारवेसी ब.तथा ऋण स.सं.लि. | ६ |
| | शिवालय बचत तथा ऋण स.सं.लि. | १ |
| **बहुउद्देश्यीय सहकारी संस्था** | | |
| १ | शान्ति म.व.स.सं. ली. | ८ |
| **कृषि सहकारी संस्था** | | |
| १ | डुम्रे महिला कृषि स.स.लि. | ४ |
| | रातमाटेकृषि सहकारी संस्था लि. | ३ |
| ३ | चियाकमान कृषि स.सं. लि. | ७ |
| ४ | राजाजी कृषि स.सं. लि. | ७ |
| ५ | माथिल्लो चियावारी कृषि सहकारी संस्था लि. | ७ |
| | महिला सानाकिसान कृषि स.सं. लि. | ६ |
| | आदर्शयुवा कृषि सहकारी संस्था लि. | ६ |
| ८ | तावाश्री कृषि स.सं. लि. | १ |
| **जडिबुटी सहकारी संस्था** | | |
| १ | महाभारत जडिवुटि स.सं.लि. | ३ |
| २ | बैजनाथ जडिवुटि स.सं.लि. | ४ |

स्रोत : डिभिजन सहकारी कार्यालय, उदयपुर

## १६. पिको/लघु जलविद्युत आयोजना सम्बन्धी विवरण

| आयोजनाको नाम | क्षमता (कि.वा.) | लाभान्भित घरधुरी |
|---|---|---|
| तावाखोला पिको जलबिद्युत आयोजना | ३ | ३२ |

| आयोजनाको नाम | क्षमता (कि.वा.) | लाभान्भित घरधुरी |
|---|---|---|
| वैद्यनाथ खोला लघुजलविद्युत आयोजना | १५ | १५१ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय, उदयपुर

**विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भइ कार्यान्वनमा रहेको तर सम्पन्न हुन बाँकी रहेका आयोजनाहरू**

| आयोजनाको नाम | क्षमता कि.वा.) | लाभान्भित घरधुरी |
|---|---|---|
| वैद्यनाथ खोला लघुजलविद्युत आयोजना | ११ | १५१ |
| साइपाखोला लघुजलविद्युत आयोजना | १६ | १६० |
| साइपाखोला लघुजलविद्युत आयोजना | ८५ | ८५० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय, उदयपुर

## १७. सुरक्षा निकायसम्बन्धी विवरण

### क) प्रहरी इकाईको विवरण

<table>
<tr><th>प्रहरी इकाईको नाम</th><th>वडा</th></tr>
<tr><td>प्रहरी चौकी उदयपुरगढी</td><td rowspan="2">५, ६</td></tr>
<tr><td>नेपालटार प्रहरी चौकी</td></tr>
</table>

## १८) सिंचाइको स्रोत सम्बन्धी विवरण

| सिंचाइको स्रोतको नाम | वडा नम्बर |
|---|---|
| वैद्यनाथ खोला | ४ |

| | |
|---|---|
| माटेखोला सिचाइ | ४ |
| बडहरे खोला सिचाइ | ४ |
| चैतेखोला सिचाइ | ४ |
| वैद्यनाथखोला सिचाइ | ४ |
| मझुवा खोला सिचाइ | ४ |
| वैद्यनाथ खोला | ७ र ८ |
| वैजनी खोला | ८ |
| बलानखोला | ७ |
| ध्वाँसे खोला | ७ |
| नरकटे सिचाइ | ६ |
| मुलकुलो सिचाइ | ६ |
| बृहत नेपालटार सिचाइ | ६ |
| छापाखोला सिचाइ | ५ |
| डुम्रीटार सिचाइ | ५ |
| कुकुन्टार सिचाइ | ५ |
| ठुलो रातमाटे सिकु | ३ |
| गेख्रेखोला सिचाइ | २ |
| चप्लेटी खोला सिचाइ | १ |
| धमिले खोला सिचाइ | १ |
| हजारे सिचाइ | १ |
| बकुवा खोला सिचाइ | १ |

## १९) सुचना तथा संचार सम्बन्धी विवरण

**क) नेपाल टेलिकम र एनसेलको टावरहरू छन् ।**

**ख) हुलाक कार्यालय सम्बन्धी विवरण**

| **हुलाक कार्यालयको नाम** | **स्थान** |
|---|---|
| बाहुनिटार अ.हु.का | तावाश्री, बाहुनीटार |

| हुलाक कार्यालयको नाम | स्थान |
|---|---|
| बर्रे अ.हु.का. | बर्रे |
| भलायडाँडा अ.हु.का | भलायडाँडा |
| डुम्रे अ.हु.का. | डुम्रे |
| उदयपुरगढी ई.हु.का. | पञ्चावती |

स्रोत : जिल्ला हुलाक कार्यालय, उदयपुर

## २०) सडक यातायात सम्बन्धी विवरण

| क्र.सं. | सडकको विवरण | सडकको लम्बाई (कि.मि.मा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | कूल लम्बाई | कालो पत्रे | ग्राभेल | धुले | कै. |
| १ | नेपालटार उदयपुरगढी सडक | ७.५ | | | ७.५ | |
| २ | गाईघाट नेपालटार सडक | ३६ | | ३६ | | |
| ३ | जलजलेमोह नपुर ककनी हाडेबास सडक | १४ | | ११ | ३ | |
| ४ | बर्रेसाजवोटे डुम्रे सडक | ३० | | | ३० | |
| ५ | सोम वारेबक्पति नेपालटार सडक | १३ | | १३ | | |
| ६ | उदयपुरगढी डुम्रे बर्रेसडक | १२ | | | १२ | |
| ७ | कोल्टे नेपालटार सडक | २० | | १५ | | |
| ८ | उदयपुर कुर्कुनटार सडक | १० | | ५ | | |

स्रोत : जिल्ला प्राविधिक कार्यालय, उदयपुर ।

## २१. गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा सदस्यहरूको विवरण :

| क्रम संख्या | नाम, थर | पद |
|---|---|---|
| १ | मानबहादुर केप्छाकी मगर | अध्यक्ष |
| २ | सानुकुमारी राउत | उपाध्यक्ष |
| ३ | खेदबहादुर आले मगर | वडाध्यक्ष- वडा नं. १ |
| ४ | कटकबहादुर कटुवाल | सदस्य |
| ५ | जयबहादुर मगर | सदस्य |
| ६ | धनकुमारी मगर | महिला सदस्य |
| ७ | भक्तमाया रम्तेल | दलित महिला सदस्य |
| ८ | इन्द्रबहादुर राउत | वडाध्यक्ष-वडा नं. २ |
| ९ | सुर्यबहादुर मगर | सदस्य |
| १० | भक्तबहादुर तामाङ | सदस्य |
| ११ | मैना तामाङ | महिला सदस्य |
| १२ | सोममाया विश्वकर्मा | दलित महिला समूह |
| १३ | मनोजकुमार कार्की | वडाध्यक्ष, वडा नं. ३ |
| १४ | गम्भीर बहादुर तामाङ | सदस्य |
| १५ | रामबहादुर लामिछाने मगर | सदस्य |
| १६ | विष्णुमाया जर्घा मगर | महिला सदस्य |
| १७ | गौरीमाया विश्वकर्मा | दलित महिला सदस्य |
| १८ | रामबहादुर घले मगर | वडाध्यक्ष-वडा नं. ४ |
| १९ | रामबहादुर आलेमगर | सदस्य |
| २० | बोधकुमार भण्डारी | सदस्य |
| २१ | मिनाकुमारी तामाङ | महिला सदस्य |
| २२ | शोभाकुमारी मोत | दलित महिला सदस्य |
| २३ | कुमार अधिकारी | वडाध्यक्ष- वडा नं. ५ |
| २४ | अम्बरबहादुर ल्याहो मगर | सदस्य |
| २५ | पेशलकुमार राई | सदस्य |
| २६ | देवी सुनुवार | महिला सदस्य |

| क्रम संख्या | नाम, थर | पद |
|---|---|---|
| २७ | विना विश्वकर्मा | दलित महिला सदस्य |
| २८ | कृष्णबहादुर खत्री | वडाध्यक्ष- वडा नं. ६ |
| २९ | सिताराम गिरी | सदस्य |
| ३० | महेन्द्र मगर | सदस्य |
| ३१ | चन्द्रमाया श्रेष्ठ | महिला सदस्य |
| ३२ | संगीता विश्वकर्मा | दलित महिला सदस्य |
| ३३ | कर्णमाया मगर | वडाध्यक्ष-वडा नं. ७ |
| ३४ | इन्द्रबहादुर खनाल | सदस्य |
| ३५ | कुलबहादुर खपांगी | सदस्य (जि.स.स.) |
| ३६ | गोमाकुमारी खत्री | महिला सदस्य |
| ३७ | घमला विश्वकर्मा | दलित महिला सदस्य |
| ३८ | टंकबहादुर श्रेष्ठ | वडाध्यक्ष- वडा नं. ८ |
| ३९ | टंक बहादुर राई | सदस्य |
| ४० | चन्द्रबहादुर तामाङ | सदस्य |
| ४१ | कुन्तामाया मगर | महिला सदस्य |
| ४२ | मेनुका परियार | दलित महिला सदस्य |

## गा.पा.मा कार्यरत कर्मचारीहरूको

| क्र.सं. | नाम पद | पद |
|---|---|---|
| १ | माधव सुवेदी | प्रमुख प्रशासकीय अधिकृत |
| २ | मोहन सुनुवार | विद्यालय निरीक्षक |
| ३ | रमेश बस्नेत | इन्जिनियर |
| ४ | प्रज्ञा पराजुली | सूचना तथा प्रविधि अधिकृत |
| ५ | दिपककुमार दाहाल | लेखापाल |
| ६ | ईश्वरराज थापा | सब इन्जिनियर |
| ७ | पारसमणि फुँयाल | कृषि प्राविधिक सहायक |
| ८ | कल्पना मगर | सहायक कम्प्युटर अपरेटर |
| ९ | नविता कुमारी निरौला | सहायक महिला विकास निरीक्षक |

| क्रम संख्या | नाम, थर | पद |
|---|---|---|
| १० | तेजबहादुर कार्की | पशुसेवा प्राविधिक |
| ११ | चूडामणि कार्की | प्राविधिक सहायक |
| १३ | सूर्य बहादुर राना मगर | खरिदार |
| १४ | जयनारायण राय यादव | स्वास्थ्य हेल्थ असिस्टेन्ट |
| १६ | दिपनारायण चौधरी | स्वास्थ्य सेवा सहायक |
| १७ | कुविर मान दनुवार | कार्यालय सहयोगी |
| १८ | यादव राई | कार्यालय सहयोगी |
| १९ | निरबहादुर जर्घा मगर | कार्यालय सहयोगी |
| वडा नं १ | | |
| २० | राजन पोखरेल | खरिदार (वडा सचिव) |
| २१ | बुद्धिमान राई | खरिदार |
| २२ | केशब खिलुंगे | सामाजिक परिचालक |
| २३ | खिल बहादुर मगर | कार्यालय सहयोगी |
| वडा नं २ | | |
| २४ | रमेश सुनुवार | खरिदार(वडा सचिव) |
| २५ | हरिकुमार कार्की | सामाजिक परिचालक |
| २६ | इन्दिरा लामा | सामाजिक परिचालक |

| | | |
|---|---|---|
| वडा नं ३ | | |
| २७ | रमेश पाण्डे | खरिदार (वडा सचिव) |
| २८ | चेत बहादुर कार्की | खरिदार |
| २९ | रमिला तामाङ्ग | सहजकर्ता |
| ३० | निर बहादुर श्रेष्ठ | ग्रामीण स्वास्थ्य कार्यकर्ता |
| ३१ | नर बहादुर मगर | कार्यालय सहयोगी |
| वडा नं ४ | | |
| ३२ | गुणराज श्रेष्ठ | नायब सुब्बा (वडा सचिव) |

| | | |
|---|---|---|
| ३३ | हिराबहादुर तामाङ | प्राविधिक सहायक |
| ३४ | लक्ष्मी तामाङ | सामाजिक परिचालक |
| ३५ | दुर्गाबहादुर तामाङ | कार्यालय सहयोगी |
| वडा नं ५ | | |
| ३६ | कुमार रोकाहा | मुखिया(वडा सचिव) |
| ३७ | लोकनाथ दाहाल | सामाजिक परिचालक |
| ३८ | मन्दिरा कार्की | कार्यालय सहयोगी |
| वडा नं ६ | | |
| ३९ | रितेश थापा | खरिदार(वडा सचिव) |
| ४० | बालकृष्ण वि.क. | सामाजिक परिचालक |
| ४१ | उद्धव ढुंगाना | प्राविधिक सहायक |
| वडा नं ७ | | |
| ४२ | खिलराज कार्की | खरिदार(वडा सचिव) |
| ४३ | पुष्पराज दनुवार | प्राविधिक सहायक |
| ४४ | देवी कुमारी मगर | सामाजिक परिचालक |
| वडा नं ८ | | |
| ४६ | उपेन्द्र राई | नायब सुब्बा(वडा सचिव) |
| ४७ | जीतबहादुर मगर | प्राविधिक सहायक |
| ४८ | विन्दाकुमारी राई | मुखिया |
| ४९ | यमकुमारी राई | कार्यालय सहयोगी |

# खण्ड ४

## वडागत तथ्याङ्क विश्लेषण

## वडा नं. १

### परिचय

यस वडाको पूर्व भागमा वडा नम्बर ५ पर्दछ भने पश्चिममा कटारी नगरपालिका पर्दछ । यसैगरी उत्तरमा ताप्ली गाउँपालिका र दक्षिण सिम(ानामा कटारी नगरपालिका पर्दछ । यस वडाका प्रमुख टोलवस्तीहरूमा गोहीया, ललहरी, रातमाटे, हजारे, कात्तिके, बाहुनीटार, दुर्जे, लिपेआहाले, बिस्नीचौर, पसलटार, अम्बोटे, हलाक भन्ज्याङ, सुस्लिङटोल, लामिछानेटोल, देउराली, तामाङटोल, बेलडाँडा, हात्तिखर्क, हात्तिटार, प्याँसेलगायत छन् । कूल ८५० घर धुरी रहेको यस वडामा ४ जना नागरिकमा मानसिक समस्या पनि रहेको छ। ९० प्रतिशत नागरिकको मुख्य पेशा कृषि र पशुपा(लन रहेको यस वडामा व्यापार व्यवसाय गर्नेहरूको संख्या २ प्रतिशत छ भने अन्य पेशाकर्मी ८ प्रतिशत छन्। यस वडामा ८० प्रतिशत घर माटोको जोडाइले बनेका छन् भने सिमेन्ट जोडाइ भएको घर १ प्रतिशत मात्रै छ । यसैगरी अन्य घरहरू १९ प्रतिशत रहेको देखिन्छ । यस वडामा स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र बर्थिङ सेन्टर पनि रहेका छन्। यस वडामा बाल विकास केन्द्रको संख्या ५ रहेको छ। यसैगरी आधारभूत विद्यालयको संख्या ४ र एक माध्यमिक विद्यालय रहेको रहेको छ । यस वडाका करिब ९० प्रतिशत नागरिकले मोबाइल फोनको सुविधा लिएका छन् भने करिब ९५ प्रतिशत घरमा शौचालय पनि रहेको छ । यस्तै यहाँका ९५ प्रतिशत घर परिवारमा खानेपानी सुविधा पुगेको छ भने ९८ प्रतिशतले सौर्य उर्जाबाट विद्युतीय सुविधा लिएका छन् । यस्तै लघुजलविद्युत प्रयोग गर्ने घर संख्या जम्मा ३ मात्रै छ । करिब २ प्रतिशतले सिलिण्डर ग्याँसको पनि प्रयोग गर्छन् । यस वडामा १० किलोमिटर सडक भएपनि कच्ची छ । यसैगरी ४००० किलोमिटर गोरटो घोडेटो बाटो छ। यस वडाको आफ्नै कार्यालय भवन छ भने स्वास्थ्य चौकी समेत रहेको छ ।

यस वडामा शिवालय वचत तथा ऋण सहकारी संस्था रहको छ । यस वडामा वर्ल्ड भिजन इन्टरनेशनल, जाल्पा एकीकृत विकास संस्था, नेस्पेक र हुरेण्डेक जस्ता गैरसरकारी संस्था पनि कार्यरत छन् ।  यस वडामा गत आवमा दुर्घटन(ाबाट ४ जनाको ज्यान गएको थियो भने महिला हिंसाको संख्या जम्मा ३ र पुरुष हिंसाको संख्या जम्मा १ थियो। कटारी बाहुनीटार आहाले मोटरबाटो वडाको मुख्य आयोजना रहेको छ। यस वडामा ढल, सडक र सिंचाइ, नदी कटान, बाढी पहिरो मुख्य समस्याको रूपमा रहेको छ। यस वडामा फोहोर सङ्कलनको घरदैलो सुविधा पनि रहेको छ । यस वडामा खानेपानीका धारा ४८५ वटा रहेका छन् । यहाँका करिब २,५०० जनाले मोबाइल फोनको सुविधा लिएका छन् भने ५०० घरमा शौचालय पनि छ । यसैगरी ४८० घरमा सौर्य उर्जा सुविधा छ भने सिलिण्डर ग्याँसको सुविधा लिनेहरू ५० घर छन्। यहाँ चिम्नीसहित आधुनिक चुलो भएको घर करिब १०० जति रहेका छन्। वडाको आफ्नै कार्यालय भवन छ।

### जनसांख्यिकीको विवरण

| जम्मा घर संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग | घरमूली (पुरुष) | घरमूमी (महिला) |
|---|---|---|---|---|---|---|---|---|
| ८४३ | २५५५ | १३२८ | १२२७ | ८४० | ८२१ | २७ | ४७६ | १३७ |

माथिको तालिकामा यस वडामा घरधुरी संख्या ८४३ देखियो भने जम्मा जनसंख्या २५५५ देखियो ।

### उमेरगत जनसंख्या वितरण :



माथिको चित्रमा १५ वर्षभन्दा कम उमेर समूहको संख्या ८२७ छ भने सबैभन्दा धेरै १६ देखि ३० वर्षसम्म उमेर हुनेको संख्या ८५८ रहेको छ। सबैभन्दा कम ७० वर्षभन्दा माथि पुरुषको संख्या रहेको देखिन्छ।

## उमेरगत शैक्षिक विवरण :




यस वडामा निरक्षरको संख्या ५५० रहेको छ। ८ कक्षासम्म अध्ययन गर्नेको संख्या ४८५ कक्षा ९ देखि १२ को १६३ रहेको छ भने सबैभन्दा कम स्नातक वा सो भन्दामाथी अध्ययन गर्नेको संख्या ७ रहेको छ।

## पेशागत विवरण :

| पेशा | संख्या |
|---|---|
| कृषि | ३२३ |
| व्यापार | ६९ |
| जागिर | ३८ |
| वैदेशिक रोजगार | ७ |
| अन्य | |

माथिको तालिकामा धेरै जनसंख्या कृषि पेशामा आश्रित भएको देखिन्छ। त्यस्तैगरी सबैभन्दा कम वैदेशिक रोजगारमा देखियो।

**अपाङ्गताको अवस्था :**

| अपाङ्ग | संख्या |
|---|---|
| | १७ |
| दृष्टिविहिन | १ |
| कान नसुन्ने | ४ |
| आँखा नदेख्ने, कान नसुन्ने | १ |
| शारीरिक | १० |
| सुस्तमनस्थिति | २ |

यस वडामा अपाङ्गता भएकाको संख्या १७ रहेकोमा १ जना दृष्टिविहिन, ४ जना कान नसुन्ने १ जना आँखा नदेख्ने, कान नसुन्ने, १० जना शारीरिक अपाङ्ग र २ जना सुस्त मनस्थितिका छन् ।

**धार्मिक विवरण :**




हिन्दू धर्म मान्नेको संख्या सबैभन्दा धेरै छ भने किराँत धर्म मान्नेको संख्या सबैभन्दा कम रहेको छ ।

**भाषागत विवरण :**

| भषा | संख्या |
|---|---|
| नेपाली | ३५२६ |

| | |
|---|---|
| मगर | १५५८ |
| किरात | ५९ |
| तामाङ | ४५ |

माथिको तथ्याङ्कले नेपाली भाषीको संख्या ३५२६ सबैभन्दा बढी रहेको छ भने सबैभन्दा कम तामाङ भाषा बोल्नेको संख्या रहेको छ ।

**जमिनको विवरण (स्क्वायर मिटरमा) :**




यस वडामा तथ्याङ्कअनुसार जमिन हुनेको संख्या ७७२ रहेको छ भने जमिन नभएकाको संख्या ७१ रहेको छ । १ देखि १००० स्क्वायर मिटर जग्गा भएकाको संख्या ७१ रहेको छ । भने सबैभन्दा बढी १००१ देखि २००० स्क्वायर मिटरजग्गा हुनेको संख्या १७४ रहेको छ ।

**कृषि उत्पादन विवरण :**

| **फसल** | **उत्पादन (मुरीमा)** |
|---|---|
| धान (मुरी) | ६५४८ |

| फसल | उत्पादन (मुरीमा) |
|---|---|
| मकै (मुरी | २७७८ |
| गहुँ (मुरी | २३ |
| आलु ( किलो) | १६० |
| तरकारी (किलो) | १०७ |
| फलफूल(किलो) | ८ |
| कोदो (किलो) | १३ |

**पशुपंक्षीको विवरण :**

| पशुपक्षी | संख्या |
|---|---|
| गाई | ७७५ |
| गोरु | ९५१ |
| बाच्छा बाच्छी | ४८७ |
| भैंसी | १३४ |
| राँगा | २५ |
| पाडापाडी | १२१ |
| बाख्रा | २९६५ |
| बोका | ११३६ |
| खसी | ४७२ |
| बंगुर | ३९८ |
| कुखुरा | ३६९२ |
| हाँस | २ |

सबैभन्दा धेरै उत्पादन हुने बालीमा धान देखियो भने कम फलफूल देखिएको छ । पशुपालनमा सबैभन्दा धेरैले कुखुरा र त्यसपछि बाख्रा पालेको देखियो । त्यस्तैगरी कुखुरा ३,६९२ र बाख्रा २,९६५ रहेको छ र सबैभन्दा कम हाँस पालेको देखियो । यस वडामा जम्मा जागीर खानेको सख्या ८५ देखियो भने जम्मा आम्दानी रू.१८,१७,५०० देखियो र औसतमा प्रति महिनाको आम्दानी

रू.२१३८२ रहेको छ। त्यस्तैगरी व्यापार व्यवसाय गर्नेको संख्या ३८ रहेको छ भने जम्माआम्दानी रू.७,५०,००० रहेको छ। व्यापार व्यवसायबाट हुने औसत आम्दानी रू.१९,७३७ रहेको छ।

**खर्च विवरण :**




घरधुरी संख्याअनुसार महिनाको जम्मा खर्च २,६९,१६,६०० रहेको छ भने औसतमा घरधुरी संख्याअनुसार प्रतिमहिनाको खर्च ३२४३० रहेको छ। सबैभन्दा धेरै खर्च खानामा रहेको छ भने सबैभन्दा कम भैपरी खर्चमा रहेको छ।

**घरको प्रकार :**

| प्रकार | संख्या |
|---|---|
| पक्की | ८ |
| जस्ता | १५२ |
| टायल | २१६ |
| काठ | ८ |
| खर/पराल | ४१३ |
| जम्मा | ७९७ |

माथिको तालिकाअनुसार जम्मा घरधुरी संख्या ८२० रहेको मा वडा नं. १ मा सबैभन्दा धेरै खर/परालले छाएको घर र सबैभन्दा थोरै काठले बनेको घर देखियो ।

**यातायातको साधनको विवरण :**

| नम | संख्या |
|---|---|
| साइकल | १८ |
| मोटरसाइकल | १५ |
| चारपाङ्ग्रे गाडी | ८ |
| ट्याक्टर | ० |
| डोजर/स्काभेटर | ० |
| अन्य | |

**विद्युतीय उपकरणको विवरण**

| उपकरण | संख्या |
|---|---|
| रेडियो | १२४ |
| सोलार | ८०९ |
| कम्प्युटर/कप्रिन्टर | १९ |
| टिभी | ४९ |
| टेलिफोन | २१ |
| इन्टरनेट | १ |
| रेफ्रिजेरेटर | ८ |
| अन्य | ८ |

माथिको तालिकाअनुसार विद्युतीय उपकरणमा सोलार सबैभन्दा धेरै प्रयोग गरेको देखियो भने रेडियो त्यसपछिको धेरै प्रयोग गर्ने उपकरण देखियो । ग्रामीण भेग भएकोले इन्टरनेटको प्रयोग कम भएको देखियो ।

# वडा नं. २

## परिचय

यस वडाको पूर्वमा वडा नम्बर ५ को चुलाढुंगा, र वडा नं. ३ को वर्रे पश्चिममा वडा नम्बर १ को तावाश्री, उत्तरमा सिरुवानी र दक्षिणमा वडा नम्बर ५ को हायुटार पर्छ । यस वडामा गैयाटार, गेर्खे, सिमसिमे, सिरुवानी, अग्राखे, ठाडेगाउँ, मिलडाँडा, पुजारीटार, भट्टराईटोल, बरालटोल, थिङटोल, मान्सिङटार, आँपडाँडा, रातमाटे, राइटोल, भीरगाउँ, गणेशटार र आहालडाँडा गरी करिब १८ वटा मुख्य टोलबस्तीहरू छन् । वडाका ३ जनामा मानसिक रोगको समस्या पनि देखिएको छ । २०७४ सालभित्र मृत्यु हुनेको संख्या १९ थियो । यस वडा भित्रका नागरिकको मुख्य पेशामा कृषि र पशुपालन रहेको छ, जसमा ९० प्रतिशत आश्रित छन् भने २ प्रतिशतले व्यापार व्यवसायमा पनि हात हालेका छन् । यसैगरी ८ प्रतिशतजतिले अन्य पेशा व्यवसाय पनि गरिरहेका छन् ।[1]

यस वडामा माटोको जोडाइ भएको घर संख्या ९५ प्रतिशत छ भने ५ प्रतिशत जति घरमा सिमेन्टको जोडाइ पनि रहेको छ । यस वडामा मान्सिङटार बजार र चौतारो, ककनी मन्दिर रहेका छन् । यस वडामा ४ वटा बाल विकास केन्द्र, ५ वटा आधारभूत विद्यालय रहेको छ । यस वडामा कच्ची सडक ६० किलोमिटर दुरीमा फैलिएको छ भने ७५ किलोमिटर गोरेटो घोडेटो बाटो रहेको छ । यस वडामा शिवशक्ती सहकारी, छिन्द्रिङदेवी सहकारी संस्था रहेका छन् । वडाभित्र २५ वटा जति पसलहरू पनि छन् । यस वडामा एक खेलमैदान पनि छ । यस वडामा जाल्पा एकीकृत समाज, वर्ल्ड भिजन, गरिबसँग विश्वेश्वर र सवल परियोजना सञ्चालनमा छ । यस वडामा बजारीकरण हुँदै गरेका क्षेत्रमा सरसफाइको समस्या छ भने पक्की सडक नहुँदा पनि समस्या देखिएको छ । यसैगरी आगलागी पनि प्रमुख

---

१ स्रोत : वडाका कर्मचारीहरूबाट प्राप्त जानकारी, २०७५ असार १५ ।

समस्याको रूपमा रहेको छ । यस वडामा तावाखोलाको कारण किनारा क्षेत्रमा खेतीयोग्य जमिनलाई निरन्तर कटान गर्दै लगेको छ ।

**वडाको जनसांख्यिकीको विवरण :**

| जम्मा घर संख्या | जम्मा जन संख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग | घरमूलि (पुरुष) | घरमूलि (महिला) |
|---|---|---|---|---|---|---|---|---|
| ६१३ | ३१०९ | १६०३ | १५०६ | १६४२ | १३१५ | १३ | | |

६१३ घरधुरी संख्या भएको यस वडामा जम्मा जनसंख्या ३,१० ९ रहेको छ भने पुरुषको संख्या १,६०३ र महिलाको संख्या १,५०६ रहेको छ । यसैगरी यस वडामा विवाहित १,६४२ र अविवाहित १,३१५ रहेका छन् भने अपाङ्गको संख्या यस वडामा छैन ।

**उमेरगत जनसंख्या वितरण :**




यस्तैगरी सबैभन्दा धेरै जनसंख्या १६ वर्ष देखि ३० वर्ष उमेर समूहका रहेका छन् भने सबैभन्दा कम जनसंख्या ६५ वर्ष भन्दा बढी उमेरका महिला रहेका छन् ।

## उमेरगत शैक्षिक विवरण :




यस वडामा शिक्षाको अवस्थामा कक्षा ८ सम्म पढ्नेको संख्या सबैभन्दा धेरै रहेको छ । भने सबैभन्दा कम स्नातक वो सो भन्दा माथि पढ्नेको रहेको छ ।

## धार्मिक विवरण :




## भाषिक विवरण :

| भाषा | संख्या |
|---|---|
| नेपाली | ३१०९ |
| मगर | ० |

| भाषा | संख्या |
|---|---|
| किरात | ० |
| तामाङ | ० |

यस वडामा हिन्दू धर्म मान्नेको संख्या ३१०९ रहेको छ भने बौद्ध धर्म मान्नेको संख्या १० मात्र रहेको छ। त्यस्तैगरी सबैभन्दा धेरै बोल्नेको संख्या ३१०९ रहेको छ जुन नेपाली भाषी रहेका छन्।

**जमिनको अवस्थाअनुसार जनसंख्या विवरण :**




त्यसरी नै जमिन जम्मा घरधुरी संख्या ६१३ मध्ये जमिन भएकाको संख्या २०४ रहेको छ भने जमिन नभएकाको संख्या ३३६ रहेका छन्। १ देखि १००० स्क्वायर मिटर जग्गा भएका सबैभन्दा कम छ भने ५००१ देखि १०००० स्क्वायर मिटर जग्गा भएका घरधुरी संख्या धेरै रहेको छ।

**वर्तमानको कृषि उत्पादन विवरण :**

| फसल | परिमाण |
|---|---|
| धान (मुरी) | ३१५३२ |
| मकै (मुरी | ९९३२ |
| गहुँ (मुरी | २९७ |
| आलु ( किलो) | ८२५७ |

| | |
|---|---|
| तरकारी (किलो) | १६५४१ |
| फलफूल(किलो) | ५ |
| कोदो (किलो) | ७४९४ |

## पशुपंक्षीको विवरण :




यस वडामा सबैभन्दा धेरै धान उत्पादन हुन्छ भने क्रमश मकै तरकारी आलुको उत्पादन भएको देखियो । त्यस्तैगरी सबैभन्दा कम फलफूलको उत्पादन भएको देखियो । त्यसरी नै पशुपक्षी पालनमा सबैभन्दा धेरै कुखुरा देखियो भने सबैभन्दा कम राँगा पालेको देखियो ।

## औसतमा प्रति घरधुरी बार्षिक खर्च (रूपैयाँमा) :



जम्मा घरधुरी संख्या ६१३ रहेको यस वडामा जम्मा खर्च रू. २७३०४५०० देखियो भने सबैभन्दा धेरै खर्च खानामा गरेको देखियो भने कम खर्च मनोरञ्जनमा गरेको देखियो भने औषतमा जम्मा खर्च रू. ४४५४२ रहेको देखियो ।

## घरको प्रकार :

| किसिम | संख्या |
|---|---|
| पक्की | १० |
| जस्ता | १७ |
| टायल | १५ |
| काठ | २३ |
| खर/पराल | ५५० |
| **जम्मा** | ६१५ |

यस वडामा जम्मा घर संख्या ६१५ देखियो भने सबैभन्दा धेरै घर खर, परालले बनेको देखियो भने सबैभन्दा कम पक्की घर देखियो ।

## विद्युतीय उपकरणको विवरण

| उपकरण | संख्या |
|---|---|
| रेडियो | ४५ |
| सोलार | ३५३ |
| कम्प्युटर/कपिन्टर | १६ |
| टिभी | ३ |
| टेलिफोन | १ |
| इन्टरनेट | ४३९ |
| रेफ्रिजेरेटर | १ |
| अन्य | २ |

# वडा नं. ३

## परिचय

यस वडाको पूर्व सिमानामा रौतामाई गाउँपालिकाको नामेटार पर्दछ भने पश्चिम सिमानामा उदयपुगढी गाउँपालिका कै वडा नम्बर २ पर्दछ । यसैगरी उत्तरमा ताप्ली गाउँपालिका र दक्षिणमा वडा नम्बर ४ पर्दछ । जरुवा, रातमाटे, सिन्किले, साइपा, माथिल्लो वर्रे र लामादी गरी ६ वडा प्रमुख टोल वस्तीहरू छन् । यस वडाका ९० प्रतिशत नागरिकहरू कृषि र पशुपालन व्यवसायमा आश्रित छन् भने करिब ५ प्रतिशतले व्यापार पनि गर्छन् र ५ प्रतिशतले अन्य

पेशा अंगालेका छन् । यस वडामा माटोको जोडाइ भएको घर संख्या ९० प्रतिशत र सिमेन्टको जोडाइ भएको घर संख्या १० प्रतिशत देखिन्छ । यस वडामा स्वास्थ्य चौकी पनि रहेको छ । यस वडामा बाल विकास केन्द्रको संख्या ६ वटा छ भने आधारभूत विद्यालयको संख्या २ र माध्यमिक विद्यालयको संख्या १ रहेको छ । यस वडामा सबै घर परिवारमा शौचालय रहेको, खानेपानी सुविधा रहेको र सौर्य उर्जासमेत रहेको छ । यस वडामा हालसम्म करिब २७ किलोमिटर दुरी भएको कच्ची मोटर बाटो छ । वडाको आफ्नै भवन पनि छ । यस वडामा छिन्द्रिङदेवी बचत तथा ऋण सहकारी संस्था र रातमाटे कृषि सहकारी संस्था सञ्चालनमा छन् । वडाभित्र हाल एक भलिबल मैदान निर्माणाधीन अवस्थामा छ । वडामा महाकाली देवीको मन्दिर रहेको छ ।

यस वडामा वाल विकास समाज र सवल नेपाल जस्ता गैरसरकारी संस्था कार्यरत छन् । वडाका प्रमुख समस्याहरूमा सरसफाई, ढल, सडक, सुरक्षा,

आगलागी, सार्वजनिक भवन, सिंचाइ, बाढीपहिरोलगायत रहेका छन् ।

**वडागत जनसंख्याको विवरण :**

| जम्मा घर संख्या | जम्मा जन संख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग |
|---|---|---|---|---|---|---|
| ५५७ | ३१७१ | १६५२ | १५१९ | १६६४ | १४५१ | १० |

यस वडामा जम्मा घरधुरी संख्या ५५७ रहेको छ भने जम्मा जनसंख्या ३१७१ रहेको छ । पुरुषको संख्या १६५२ छ भने महिलाको संख्या १५१९ रहेको छ । विवाहितको संख्या १६६४ र अविवाहितको संख्या १४५१ रहेको छ ।

**उमेरगत जनसंख्या वितरण :**




यस वडामा सबैभन्दा धेरै १५ वर्षभन्दा कम उमेरका मानिसको संख्या रहेको छ भने सबैभन्दा कम ७० वर्षभन्दा माथिका पुरुषको संख्या रहेको छ ।

## उमेरगत शैक्षिक विवरण :




यस वडामा निरक्षरको सबैभन्दा बढी निरक्षरको संख्या रहेको छ भने सबैभन्दा कम स्नातक वा सोभन्दा माथि पढ्नेको संख्या रहेको छ । त्यस्तैगरी कक्षा ९ देखि १२ सम्म पढ्नेको संख्या ५४२ रहेको छ ।

## पेशागत विवरण :

| नाम | संख्या |
|---|---|
| कृषि | ५५४ |
| व्यापार | ३ |
| जागिर | |
| वैदेशिक रोजगार | ५ |
| अन्य | |

पेशाको हिसाबले यस वडामा सबैभन्दा बढी कृषि पेशामानै निर्भर रहेको देखिन्छ । त्यसपछि वैदेशिक रोजगार रहेको छ ।

## धर्म र भाषिक विवरण :




| भाषा | संख्या |
|---|---|
| नेपाली | ३०४१ |
| मगर | ४०८ |
| किराँत | ६१ |
| तामाङ् | ३९६ |

यस वडामा पनि हिन्दू धर्म मान्नेको संख्या धेरै छ भने इश्लाम धर्म मान्नेको संख्या कत्ति पनि छैन । त्यस्तैगरी नेपाली भाषी पनि यस वडामा धेरै रहेको छन् त्यसपछि मगर भाषा बोल्नेको संख्या रहेको देखिन्छ । यस वडामा हिन्दू धर्मपछिको धेरै धर्म मान्ने भनेको बौद्ध धर्म नै हो । यस वडामा बौद्ध धर्म मान्नेको संख्या ९५४ रहेको छ ।

## जमिनको क्षेत्रफल स्क्वायर मिटरमा




तथ्याङ्कअनुसार जम्मा घरधुरी संख्यामध्ये जमिन हुनेको संख्या ५५४ रहेको छ भने जमिन नभएकाको संख्या ३ रहेको छ । यस्तैगरी १ देखि १००० (स्क्वायरमिटरमा) जग्गा हुनेको संख्या धेरै रहेको छ भने १०,००० स्क्वायरमिटर भन्दामाथि जग्गा हुनेको संख्या कम रहेको छ ।

## वर्तमानको कृषि उत्पादन विवरण :

| फसल | परिमाण |
|---|---|
| धान (मुरी) | ३३३७ |
| मकै (मुरी | ३६५६ |
| गहुँ (मुरी | ७९७ |
| आलु ( किलो) | ५९८ |
| तरकारी (किलो) | २७२ |
| फलफूल(किलो) | ६ |
| कोदो (किलो) | २५१ |

कृषि उत्पादन तर्फ हेर्दाखेरि मकैबाली धेरै उत्पादन भएको देखियो । क्रमश धान, गहुँ, आलु तरकारी, कोदो उत्पादन भएको देखियो । त्यस्तै पशुपालन तर्फ बाख्रा कुखुरा धेरै पालिएको देखियो । भने राँगाको संख्या तुलनात्मक रूपमा कम देखियो भने हाँसको संख्या पनि कमै देखियो ।

**पशुपंक्षीको विवरण :**




**प्रति घरधुरी औसत खर्च (रूपैयाँमा)**



**घरको प्रकार :**

| प्रकृति | संख्या |
|---|---|
| पक्की | १० |
| जस्ता | ९० |
| टायल | १३ |
| काठ | २७ |
| खर/पराल | ४६० |
| जम्मा | ६०१ |

यस वडाको जम्मा घर संख्या ६०१ मध्ये सबैभन्दा धेरै घर खर परालले बनेको पाइयो भने सबैभन्दा कम पक्की घर रहेको पाइयो । यहाँका स्थानीय वासिन्दाको अपेक्षामा सबैभन्दा बढी यातायात, खानेपानी, बिजुलीबत्ति रहको देखियो । यस वडामा मोटरसाइकल र अन्य सवारीसाधनको संख्या हाल २७ रहेको पाइयो ।

| उपकरण | संख्या |
|---|---|
| रेडियो | ३६ |
| सोलार | ५९० |
| कम्प्युटर/प्रिन्टर | १ |
| टिभी | २ |
| टेलिफोन | ९९ |
| इन्टरनेट | ० |
| रेफ्रिजेरेटर | ० |
| अन्य | ० |

यहाँ सोलार बत्तीको प्रयोग गर्नेको संख्या ५९० देखियो भने सबैभन्दा कम कम्प्युटर प्रिन्टरको प्रयोग गर्नेको संख्या देखियो ।

# वडा नं. ४

## परिचय

यस वडाको पूर्वमा वडा नम्बर ८, पश्चिममा वडा नम्बर २, उत्तरमा वडा नम्बर ३ र दक्षिणमा वडा नम्बर ५ रहेको छ ।  यस वडाका प्रमुख टोलवस्तीहरूमा डुम्रे, गजेथुम्का, हिमन्ते, माँझगाउँ, गोगने मझुवा, ढुंग्रे, रामभन्ज्याङ, बेतेनी मझुवालगायतका मुख्य वस्तीहरू छन् ।

यस वडाका ७० प्रतिशत नागरिकको मुख्य पेशा कृषि र पशुपालन रहेको छ । यस वडाका करिब १० प्रतिशतले व्यापार व्यवसाय पनि गरेका छन् भने अन्य पेशा गर्नेहरू २० प्रतिशत जति रहेका छन् । यस वडामा माटोको जोडाइले बनेका घर करिब ९८ प्रतिशत र सिमेन्टको जोडाइले बनेका घर २ प्रतिशत मात्रै रहेका छन् । यस वडामा स्वास्थ्य चौकी रहेको र गाउँघर क्लिनिक पनि सञ्चालनमा छ । यस वडामा बाल विकास केन्द्रको संख्या ८ वटा रहेका छन् भने आधारभूत विद्यालयको संख्या ६ वटा रहेका छन् । यसैगरी माध्यमिक विद्यालय २ वटा रहेका छन् ।

यस वडामा डुम्रे महिला कृषि सहकारी छ । वडामा करीब १ दर्जन गाँउले पसलहरु सञ्चालनमा रहेका छन । यस वडामा सोला भञ्ज्याँङ्ग, वछ्यू टार, महाकाली थान मन्दीर र ध्याम्पा थुम्का मन्दीर समेत रहेको छ । यस वडामा बाल विकास समाज, जाल्पा चिलाउने जस्ता गैह्र सरकारी संस्था पनि कार्यरत छन ।

## वडागत जनसांख्यिकीको विवरण :

| जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्गता |
|---|---|---|---|---|---|---|
| ४०६ | २०८८ | १११३ | ९७५ | १०९१ | ८२९ | १३ |

यस वडामा जम्मा घर धुरी संख्या ४०६ जनसंख्या २०८८ देखियो भने पुरुषको संख्या १११३ र महिलाको संख्या ९७५ रहेको देखियो भने विवाहित १०१९ र अविवाहित ८२९ रहेको देखियो ।

## उमेरगत जनसंख्या वितरण :




यस वडामा १६ वर्षभन्दा कम उमेरका मानिसको संख्या ५२७ रहेको छ भने १६ वर्षदेखि ३० वर्ष उमेरसम्मका मानिसको संख्या ५१८ छ। त्यस्तैगरी ३१ देखि ५५ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै र ७० वर्षभन्दा माथि पुगेका पुरुषको संख्या सबैभन्दा कम रहको देखियो ।

### उमेरगत शैक्षिक विवरण :




यस वडाको शैक्षिक अवस्था हेर्दा सबैभन्दा कम निरक्षर रहेको देखियो भने ८ कक्षा भन्दा कम पढ्नेको संख्या बढी देखियो ।

### धर्मको विवरण :




सबैभन्दा धेरै हिन्दू धर्म मान्नेको संख्या देखियो भने बौद्ध धर्म मान्नेको संख्या १० मात्रै पाइयो । त्यस्तैगरी नेपाली भाषा बोल्नेको संख्या पनि यस वडामा सबैभन्दा बढी नै रहेको पाइयो ।

| भाषा | संख्या |
|---|---|
| नेपाली | २०८८ |
| मगर | ० |
| किरात | ० |
| तामाङ | ० |

यस वडामा नेपाली भाषा बोल्नेको संख्या अधिक छ भने अन्य निकै न्यून छ ।

**जमिन प्रयोग गर्नेको विवरण :**




| कृषि उत्पादन | परिमाण |
|---|---|
| धान (मुरी) | ३९९४ |
| मकै (मुरी) | १५१२ |
| गहुँ (मुरी) | २९३ |
| आलु ( किलो) | १४०३८ |

| | |
|---|---|
| तरकारी (किलो) | १५३०२ |
| फलफूल(किलो) | ४२ |
| कोदो (किलो) | ७३५२ |

यस वडामा सबैभन्दा धेरै तरकारीको उत्पादन हुने देखियो । त्यस्तै गरी क्रमशः आलु, कोदो, धान मक,गहुँ, आदिको उत्पादन हुने देखियो ।

**पशुपंक्षीको विवरण :**




त्यस्तै गरी पशुपालनमा सबैभन्दा बढी बाख्रा कुखुरा पालेको देखियो भने गाई भैसी, गोरु, राँगा बोका आदि पनि पालेको देखियो ।



| घरको प्रकार | संख्या |
|---|---|
| **जम्मा घर** | ३८५ |
| पक्की | ४० |
| जस्ता | ७५ |
| टायल | ६७ |
| काठ | १८ |
| खर/पराल | १८५ |

**विद्युतीय उपकरण :**

| **नाम** | संख्या |
|---|---|
| रेडियो | १९ |
| टिभी | ३५६ |
| कम्प्युटर/प्रिन्टर | ६ |
| इन्टरनेट | ० |
| टेलिफोन | ६ |
| सोलार | ३८६ |
| रेफ्रिजेरेटर | 0 |
| अन्य | 0 |

सबैभन्दा धेरै सोलार त्यसपछि टेलिभिनजको प्रयोग गरेको देखियो ।

# वडा नं. ५

## परिचय

यस वडाको पूर्वी दिशामा वडा नम्बर ८ को भलायडाँडा अवस्थित छ भने पश्चिममा कटारी नगरपालिका छ । यसैगरी उत्तरमा वडा नम्बर ४ को डुम्रे र दक्षिणमा वडा नम्बर ६ को नेपालटार अवस्थित छ । यस वडाका मुख्य टोलहरूमा सरुने, पातीटार, माटेखोला, विरौटा, कुसम्बोट, कात्तिके, बेलबोट, फाँट, तलेतलै, डुङडुङे, भैंसेटार, गढी, उत्तरपानी र छापाखोला रहेका छन् । यसैगरी डहर, कोप्चे, भोगटेनी, बस्तीपुर, कात्तिके, मौवासी, पलाँसे, चुलाढुंगा, सालडाँडा, हाँडेटार, टाडैटार, अमिलचौर, कर्कुन्टार, डुम्रिटार, खरानीटार, केउरेनी गरी ३२ भन्दा बढी मुख्य टोलवस्तीहरू रहेका छन् । यस वडामा महादेव मन्दिर, ककनी, अठासीधाम, शिव मन्दिर र केउरेनी रहेका छन् । यस वडामा स्वास्थ्य चौकी पनि रहेको छ । यस वडामा आधारभूत तहसम्म पढाइ हुने विद्यालयको संख्या ७ वटा र १ वटा माध्यमिक विद्यालय रहेको छ । यसैगरी वडामा सुरक्षा दिन गढीमा प्रहरी चौकी छ । वडामा अहिलेसम्म फोहोर सङ्कलनको कार्य हुन सकेको छैन ।[२] वडाका सबै घरमा शौचालय रहेको छ ।

यस वडामा पञ्चावती सामुदायिक घरवास (होमस्टे) रहेको छ । यस वडाका प्राय सबै बस्तीमा कच्ची सडक रहेको छ । वडाको नेपालटार-गढी-कुर्कुन्टारसम्म कच्ची सडक रहेको छ । साविकको गाविस भवन र स्वास्थ्य चौकी पनि रहेको छ । अहिलेसम्म वडामा कुनै पनि बैंक, वित्तीय संस्था, सहकारी रहेका छन् । गढीमा रहेका ८ वटा घरहरूमध्ये एकाधमा सामान्य पसल पनि छ । गढीमा भर्खरै खेल मैदान पनि बनेको छ । यस वडामा पुरानो गढी, भूगोलपार्क, हाडेश्वर महादेव गुफा र उदयपुरगढी

2 स्रोत : वडा कार्यालयका कर्मचारीबाट प्राप्त जानकारी २०७५ असार १५ ।

जस्ता पर्यटकीय स्थल छन् । उदयपुरगढी पोखरी पनि छ। वडाको आफ्नै भवन भएपनि जीर्ण छ। वडामा प्राय देखिने प्राकृतिक प्रकोपको समस्या छ।

**वडागत जनसंख्याको विवरण :**

| जम्मा घर संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग |
|---|---|---|---|---|---|---|
| ९२५ | ४७६१ | २४९३ | २२६८ | २६२८ | २११८ | १९ |

यस वडामा कुल घुरधुरी ९२५ छ भने जनसंख्या ४७६१ रहेको छ। जसमा महिलाको तुलनामा पुरुषको संख्या केही बढी रहेको छ। यसैगरी १९ जना अपाङ्गता भएका व्यक्ति पनि रहेका छन् ।

**उमेरगत जनसंख्या वितरण :**




यस वडामा १६ वर्ष उमेरभन्दा कम उमेरका १ हजार ४ सय ५९ जना, १६ वर्षदेखि ३० वर्ष उमेर समूहका १ हजार ५ सय ४९ जना रहेको देखिन्छ भने ३१ वर्षदेखि ५५ वर्ष उमेर समूहको जनसंख्या १ हजार २ सय ६८ छ । यस्तै ५६ वर्षभन्दा बढी उमेर भएका ३ सय ९ जना, ६५ वर्षभन्दा बढी उमेरका महिला चाहिँ १ सय ७ जना र ७० वर्ष भन्दा बढी उमेरका

पुरुषको संख्या ६४ रहेको छ । यसले तिनीहरू नै यस वडाको सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसंख्या हुन् ।

**शैक्षिक विवरण :**




माथिको प्रस्तुतिकरणलाई विश्लेषण गर्दा यस वडामा औपचारिक शिक्षा नलिएकाको संख्या ९ सय ४२ पाइयो भने कक्षा ८ सम्म अध्ययन गरेकाको संख्या ३ हजार ७९ रहेको पाइयो । यस्तै कक्षा ९ देखि १२ कक्षासम्म अध्ययन गरेकाको संख्या चाहिँ ६ सय ४७ पाइयो भने स्नातक र सो भन्दा माथि शैक्षिक योग्यता भएका चाहिँ ४९ जना छन् ।

**अपाङ्गता सम्बन्धी विवरण :**

| **किसिम** | **संख्या** |
|---|---|
| **जम्मा** | १९ |
| अन्धो | ० |
| कान नसुन्ने | १ |
| आँखा नदेख्ने, कान नसुन्ने | ५ |
| शारीरिक | ९ |
| सुस्तमनस्थिति | ४ |

**धार्मिक विवरण :**




यस वडामा हिन्दू धर्म मान्नेहरूको संख्या धेरै छ । यहाँ ३८९२ जनाले हिन्दू धर्म मानेको पाइयो भने बौद्ध चाहिँ ६५७, इस्लाम १०, क्रिश्चियन ७१, किराँत ११८ र अन्यमा १८ जनाले मानेको पाइयो ।

**भाषागत विवरण :**

| **भाषा** | **संख्या** |
|---|---|
| नेपाली | ४७३१ |
| मगर | ७ |
| किराँत | ३ |
| तामाङ | २८ |

यस वडामा नेपाली भाषा बोल्नेहरूको संख्या ४७३१ छ । यसैगरी मगर भाषा बोल्ने जम्मा ७ जना, किराँत भाषा बोल्नेको संख्या ३ र तामाङ भाषा बोल्नेको संख्या २८ पाइयो ।

## घरधुरीअनुसार जमिनको विवरण :




यस वडामा दश हजार स्क्वायर मिटर क्षेत्रफलभन्दा बढी जमिन हुनेको संख्या ६४ जना देखिन्छ भने ५,००१ देखि १० हजार स्क्वायर मिटर क्षेत्रफलभन्दा बढी जमिन हुनेको संख्या १८६ रहेको पाइयो । यस्तै ३,००१ देखि ५,००० स्क्वायर मिटर क्षेत्रफल भएकाको संख्या २१५, २,००१ देखि ३,००० स्क्वायर मिटर क्षेत्रफल जमिन भएकाहरू १०७ जना रहेको पाइयो । यसैगरी १,००१ देखि २ हजार स्वाक्यर मिटर क्षेत्रफल जमिन भएका संख्या १७५ जना र १ देखि १००० स्क्वायर मिटर क्षेत्रफल जमिन भएका ११५ जना भेटियो भने जग्गा नभएको संख्या ६३ जना पाइयो ।

## कृषि उत्पादन :

| फसल | परिमाण |
|---|---|
| धान (मुरी) | ८८६९ |
| मकै (मुरी | ३९६४ |
| गहुँ (मुरी | ६ |
| आलु ( किलो) | ९४ |
| तरकारी (किलो) | १५ |

| | |
|---|---|
| फलफूल(किलो) | ० |
| कोदो (किलो) | २०८ |

यस वडामा कोदो, फलफूल, तरकारी, आलु, गहुँ, मकैको तुलनामा सबैभन्दा धेरै धान खेती हुने गरेको पाइयो । जहाँ धान उत्पादन ८,८६९ मुरी फलेको पाइयो ।

**पशुपंक्षीको विवरण :**




यस वडामा पशुपंक्षीको संख्या गन्ती गर्दा गाई ७५० गोटा, गोरु १,१३९ गोटा, बाच्छाबाच्छी ४३५, भैंसी ११६ वटा रहेको पाइयो । यस्तै राँगा २६ वटा, पाडापाडीको संख्या १८१ वटा, बाखा ३,७८४ वटा, बोकाको संख्या १,०९० वटा, खसी ५१० वटा, बंगुर ५३७, दशहजार ६ सय ९८ वटा कुखुरा र हाँस १० वटा पाइयो ।

**प्रति परिवार औसत खर्च (रूपैयाँमा) :**




यस वडाका बासिन्दाले वार्षिक सबैभन्दा धेरै खर्च खानामा गरेको पाइयो भने सबैभन्दा कम मनोरञ्जनको लागि ८,५६४ रूपैयाँ खर्च गरेको पाइयो ।

**घरको प्रकार :**




यस वडामा जम्मा घर संख्या ९९७ रहेको पाइयो । जसमा पक्की घर संख्या ८ वटा, जस्ताको छाना भएको घर २६६ वटा, टायल भएका घरको

संख्या ३७९ वटा रहेको पाइयो भने खरको छाना भएको घर संख्या ४५६ रहेको पाइयो ।

| यातायातका साधन | संख्या |
|---|---|
| साइकल | ७ |
| मोटरसाइकल | २९ |
| चारपाङ्ग्रे गाडी | ३ |
| ट्याक्टर | ३ |
| डोजर/स्काभेटर | ० |
| अन्य | ० |

यस वडामा साइकलदेखि डोजर, स्क्याभेटर प्रयोग गरेको पाइयो ।

**विद्युतीय उपकरण**

| उपकरण | संख्या |
|---|---|
| रेडियो | १४७ |
| सोलार | ७५ |
| कम्प्युटर/प्रिन्टर | ५९ |
| टिभी | ११ |
| टेलिफोन | ० |
| इन्टरनेट | ८२७ |
| रेफ्रिजेरेटर | ० |
| अन्य | ० |

यस वडामा इन्टरनेट प्रयोग गर्नेको संख्या ८२७ जना पाइयो । मोबाइल फोनमा इन्टरनेट प्रयोग गर्नेको संख्या बढेको पाइयो । यस्तै यस वडामा रेडियो प्रयोग गर्नेको संख्या १४७ जना, टिभी प्रयोग गर्नेका संख्या ११ जना, कम्प्युटर/प्रिन्टर प्रयोग गर्नेको संख्या ५९ जना रहेको पाइयो ।

# वडा नं. ६

## परिचय

यस वडाको पूर्वी दिशामा वडा नम्बर ७ र ८, पश्चिममा कटारी नगरपालिका र उदयपुरगढी कै वडा नम्बर ५ पर्दछ । यसैगरी उत्तरमा पनि वडा नम्बर ५ र दक्षिणमा सिरहाको लहान नगरपालिका अवस्थित छ । मझुवा, भुमरे, नागबेले, रुम्जाटार, वर्दमार, अरिदमार, गोहिया, हात्तीढुंगा, धप्पर, दनुवारवेशी, जग्रेटार, आँपडाँडा, बोहोरीबोट, सान्धाने, नेपालटार बजार, भुतिया, बुढाथोकीटार, अमिलीटार र अम्बोटे गरी यस वडामा १९ वटा मुख्यमुख्य वस्तीहरू रहेको छ ।

यस वडा भित्रका नागरिको मुख्य पेशामा कृषि र पशुपालन रहेको छ जसमा ७० प्रतिशत आश्रित छन् । यसैगरी २ प्रतिशतले उद्योग गरेका छन् भने व्यापार व्यवसाय गर्ने २३ प्रतिशत छन् । यस्तै अन्य पेशा व्यवसाय अपनाउनेहरू ५ प्रतिशत जति रहेका छन् । यस वडामा माटोको जोडाइ भएको घर संख्याभन्दा सिमेन्टको जोडाइ भएको घर संख्या बढी छ । माटोको जोडाइ भएको घर संख्या ३२५ रहेको छ भने सिमेन्टको जोडाइ भएको घर संख्या ९३३ रहेको छ । यस वडामा नेपालटार बजार, काभ्रेपानी महादेव मन्दिर, राधेराधे मन्दिर, पिपलबोट चौतारो, भकुण्डे चौरी जस्ता महत्त्वपूर्ण मन्दिर तथा स्थलहरू रहेका छन् । यस वडाको धप्पर र नेपालटार बजारमा खोप केन्द्र छ । यसैगरी नेपालटारमा पोलिक्लिनिक पनि छ । यस्तै महेश मेडिको, पञ्चावती मेडिकल हल पनि यसै वडामा रहेका छन् ।

यस वडामा नेपालटार बजारमा दुई किलोमिटर दुरीमा ढलको पनि व्यवस्था रहेको छ भने साप्ताहिक रूपमा २ मेट्रिक टन फोहोरमैला पनि सङ्कलन हुने गरेको छ । तर फोहोर सङ्कलन गर्ने सवारी साधन अहिलेसम्म पनि छैन । यस वडामा अहिलेसम्म टेलिफोन लाइनको व्यवस्था छैन ।

यस्तै ५,००० बढी जनसंख्याले मोबाइल फोन प्रयोग गर्छन् जुन वडाको जनसंख्याको ८३ प्रतिशत हुन आउँछ । यस वडामा शतप्रतिसत घरमा शौचालय छन् । वडामा ९० प्रतिशत घरपरिवारले खानेपानी सुविधा पाएका छन् । ८० घर परिवारमा विद्युत सुविधा पुगेको यस वडाको १,०५० वा ९० प्रतिशत घरपरिवारले सौर्य उर्जाको सुविधा लिएका छन् । यस्तै करिब ४० प्रतिशतले सिलिण्डर ग्याँसको खपत गर्छन् भने चिम्नीसहित आधुनिक चुलो भएको घर संख्या ४५० रहेको छ । हालसम्म वडा भित्र ५० किलोमिटर दुरीमा कच्ची सडक रहेको छ । यस वडामा सनराइज बैंक, लक्ष्मी बैंकले शाखारहित बैकिङ सुविधा प्रदान गरेका छन् । यसैगरी पौवा सहकारी, साना किसान सहकारी र दनुवारबेसी सहकारी पनि रहेको छ । यस वडाभित्र एक सहकारीको आफ्नै भवन पनि छ ।

वडामा एक दर्जनभन्दा बढी पसलहरू पनि छन् जसमा विभिन्न किसिमको व्यापार रहेको छ । यस वडाको भकुण्डे चौंरीमा खेलमैदान पनि छ भने सोही स्थानमा पर्यटकीय बगैंचा पनि रहेको छ । यस वडामा काभ्रेपानी महादेव मन्दिर, श्यामश्याम मन्दिर र शिव मन्दिर रहेको छ । यस वडामा पञ्चावती ग्रामीण विकास सम्पूर्ण नेपाल र र बाल विकास समाज केन्द्र पनि कार्यरत छन् । यस वडामा नेपालटार- सान्धाने- लाहान सडक, नेपालटार -सान्धाने -काभ्रे -लाहान सडक सञ्चालनमा छ । यसैगरी नेपालटार- धप्पर- भुमरे -मझुवा सडक र नेपालटार- धप्पर- मझुवा सडक पनि सञ्चालनमा छ । वडाको आफ्नै भवन छ ।

यस वडाका प्रमुख समस्याहरूमा पिउने पानी, फोहोरमैला व्यवस्थापन, ढल निर्माण, सडक निर्माण रहेको छ । यस्तै अग्नी पीडितको पुर्नवास पनि समस्याको रूपमा रहेको छ । सार्वजनिक जमिनको संरक्षण गर्नु पनि समस्याको रूपमा रहेको छ । सिंचाइ, नदी कटान, बाढी पहिरो पनि समस्याको रूपमा रहेको छ ।

वडा भित्रको भू-उपयोगसम्बन्धी विवरणमा ७० प्रतिशत जमिन कृषि क्षेत्रले

ओगटेको छ भने वनले १० प्रतिशत, आवासले २० प्रतिशत र नदी तथा खोलाले ५ प्रतिशत भू-भाग ओगटेको छ ।

**वडागत जनसंख्याको विवरण :**

| जम्मा घर संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग |
|---|---|---|---|---|---|---|
| १०२४ | ७१३६ | ३७२४ | ३४१२ | २९११ | २२२४ | १९ |

२०७५ सालको वस्तुगत विवरणको लागि गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा यस वडामा जम्मा घरधुरी संख्या १ हजार २४ छन् भने जनसंख्या ७ हजार १ सय ३६ पुगेको देखिन्छ । जसमा पुरुषको तुलनामा महिलाको संख्या ३ सय १२ ले कम रहेको पाइयो । यस वडामा अपाङ्गता भएका १९ जना पनि रहेको पाइयो ।

**उमेरगत जनसंख्या वितरण :**




वडाको कुल जनसंख्या मध्ये १६ वर्षभन्दा कम उमेरका जनसंख्या हजार ४ सय ९०, १६ वर्षदेखि ३० वर्ष सम्म उमेरका १ हजार ५ सय ८६, ३१ वर्षदेखि ५५ वर्ष उमेरसम्मका १ हजार ६ सय १५ जना रहेको पाइयो ।

यसैगरी ५६ वर्षभन्दा बढी उमेर समूहका जनसंख्या २ सय ८४ जना, ६५ वर्षभन्दा बढी उमेरका महिला ८६ जना र ७० वर्षभन्दा बढी उमेरका पुरुष ५१ जना रहेका छन् ।

**शैक्षिक विवरण :**




यस वडामा औपचारिक शिक्षा नलिएका जनसंख्या २ हजार ७ सय ९ जना रहेको पाइयो भने कक्षा ८ सम्म अध्ययन गरेकाको संख्या चाहिँ १ हजार ३ सय ४५ देखिन्छ । यस्तै कक्षा ९ देखि १२ सम्म अध्ययन गरेका चाहिँ ९ सय ३५ जना र स्नातक र सोभन्दा माथि अध्ययन गर्ने चाहिँ ९२ जना रहेका छन् ।




यस वडामा हिन्दू धर्म मान्नेहरूको जनसंख्या ४ हजार २९ छ भने बौद्ध

धर्माबलम्बीहरूको संख्या ४०१ छ । यसैगरी क्रिश्चियन धर्म मान्नेहरूको संख्या १३ छ ।

| भाषा | संख्या |
| --- | --- |
| नेपाली | ४३९३ |
| मगर | ११ |
| किराँत | ० |
| तामाङ | २९ |

यस वडामा नेपाली भाषा बोल्नेको संख्या अन्य भाषाको बोल्नेको भन्दा धेरै छ । ४,३९३ जनाले नेपाली भाषा बोल्छन् भने मगर र तामाङ भाषा बोल्नेको संख्या क्रमश ११ र २९ छ ।

**जमिन प्रयोग गर्ने घरधुरी (स्क्वायर वर्ग कि.मी मा)**




जमिन प्रयोगको स्थिति विश्लेषण गर्दा दशहजार स्क्वायर फिटभन्दा माथि प्रयोग गर्ने संख्या ४८ देखियो भने पाँच हजारदेखि दश हजार स्क्वायर मिटर भन्दा माथिको क्षेत्रफलमा जमिन प्रयोग गर्नेको संख्या २२२ पाइयो ।

यसैगरी तीनहजार एकदेखि ५ हजार स्क्वायर मिटरसम्मको क्षेत्रफल भएको जमिन प्रयोग गर्नेको संख्या १८७, दुई हजार एकदेखि तीन हजार स्क्वायर मिटरसम्मको क्षेत्रफल भएको जमिन प्रयोग गर्नेको संख्या १०६ जना र एकहजार एकदेखि २ हजार स्क्वायर मिटरसम्मको क्षेत्रफल भएको जमिन प्रयोग गर्नेको संख्या १७७ रहेको पाइयो । यस्तै एकदेखि एकहजार स्क्वायर मिटर क्षेत्रफल भएको जमिन प्रयोग गर्नेको संख्या ६१ र जग्गा नभएका संख्या चाहिँ १९८ रहेको पाइयो ।

**पेशागत र कृषि उत्पादनको विवरण :**

| पेशा | **संख्या** |
|---|---|
| कृषि | ७७२ |
| व्यापार | २९ |
| जागिर | १५ |
| वैदेशिक रोजगार | २ |
| अन्य | |
| **फसल** | **परिणाम (मुरी)** |
| धान | १६९६८ |
| मकै | ६२५४.९ |
| गहुँ | २४ |

यस वडामा कृषि पेशा गर्नेहरूको संख्या ७७२, व्यापार गर्नेको संख्या २९, जागिर गर्नेको संख्या १५ र वैदेशिक रोजगार गर्नेको संख्या २ पाइयो । यस्तै धान उत्पादन १६ हजार ९ सय ६८, मकै उत्पादन ६ हजार २ सय ५५ र गहुँ २४ मुरी उत्पादन हुने गरेको पाइयो ।

## पशुपंक्षी सम्बन्धी विवरण :




यस वडामा गाईको संख्या २२९, गोरुको संख्या ९६९ र तिनबाट उत्पादन हुने बाच्छाबाच्छीको संख्या ५५ रहेको पाइयो। यसैगरी भैंसीको संख्या ६३, राँगाको संख्या ८, पाडापाडी ७७ देखियो । यस्तै बाख्राको संख्या ९७७, बोका २०४, खसी २६८, बंगुर ५६, कुखुरा ६०११ र हाँसको संख्या भने ४ रहेको पाइयो ।

## प्रतिघरधुरी मासिक खर्च (रूपैयाँमा) :




वडाबासीको प्रतिघरधुरी वार्षिक खर्च खाना ६९ हजार ७ सय ४७ रूपैयाँ रहेको पाइयो भने लत्ताकपडामा खर्च ३०,३७८, शिक्षामा १५,८७२ रूपैयाँ खर्च गरेको पाइयो । यस्तै औषधि वा स्वास्थ्यमा ४१,६६४ रूपैयाँ, मनोरञ्जनमा १,९८६ रूपैयाँ र भैपरीमा ४,२०० रूपैयाँ खर्च भएको पाइयो ।

## घरको किसिम र यातायातको साधनको विवरण :

| किसिम | संख्या |
|---|---|
| **जम्मा घर** | १०९० |
| पक्की | २१ |
| जस्ता | २५१ |
| टायल | ६३४ |
| काठ | ० |
| खर/पराल | १८४ |
| **यातायातको साधन** | **संख्या** |
| साइकल | ११ |
| मोटरसाइकल | १९ |
| चारपाङ्ग्रे गाडी | ५७ |
| ट्याक्टर | ४ |
| ह्याभ्भी डोजर/स्काभेटर | ० |
| अन्य | १ |

यस वडामा रहेका कूल १,०९० घरहरू मध्ये पक्की घर २१ वटा, जस्ताको छाना भएको घर संख्या २५१ वटा, टायलको छाना भएको घर संख्या ६३४ र खरको छाना भएका घरको संख्या १८४ रहेको पाइयो । यस्ता वडाबासीले साइकलदेखि डोजर, स्क्याभेटरसम्मका सामग्रीहरू जोडेको देखियो ।

## विद्युतीय उपकरण :

| उपकरण | संख्या |
|---|---|
| रेडियो | २६६ |
| सोलार | १०७ |

| उपकरण | संख्या |
| --- | --- |
| कम्प्युटर/प्रिन्टर | ११२ |
| टिभी | १३ |
| टेलिफोन | ३ |
| इन्टरनेट | ९२९ |
| रेफ्रिजेरेटर | ८ |
| अन्य | ८४ |

विद्युतीय उपकरणको प्रयोगमा यस वडामा इन्टरनेट प्रयोग कर्ताको संख्या चाहिँ धेरै देखियो । मोबाइल फोनमा इन्टरनेट प्रयोग कर्ता ९२९ पाइयो भने यसपछि रेडियो प्रयोगकर्ताको संख्या २६६ रहेको छ । यसैगरी कम्प्युटर वा प्रिन्टर प्रयोगकर्ता ११२, सोलार प्रयोगकर्ता १०७, टिभी प्रयोग कर्ता १३, टेलिफोन प्रयोग कर्ताको संख्या ३ छ । यसैगरी रेफ्रिजेरेटर प्रयोग गर्नेको संख्या ८ र अन्य उपकरण शीर्षकमा ८४ रहेको पाइयो ।

# वडा नं. ७

## परिचय

यस वडाको पूर्वी दिशामा त्रियुगा नगरपालिका पर्छ भने पश्चिममा वडा नम्बर ८ पर्दछ । यसैगरी उत्तरमा वडा नम्बर ६ र दक्षिणमा उदयपुरगढी गाउँपालिका कै वडा नम्बर ८ र सुरुङ् नगरपालिकाको वडा नम्बर २ पर्दछ । यस वडामा कोल्टे, ध्याम्पे, मैनाटार, हाडेवास, बिरालीटार, थापाटार, पिडीवास, अजिङगरे, बतासे, बाइराडे, अधेरी, विजनबारी, चियावारी, कुइभीर, नाकबिलेसहितका १५ वटा वस्तीहरू रहेका छन् । यस वडामा सिमेन्टको जोडाइ भएको घर संख्या २ वटा मात्र रहेको छ । यस वडामा बालविकास केन्द्र १, आधारभूत विद्यालय १० र माध्यमिक विद्यालयको संख्या १ वटा रहेको छ भने निजी विद्यालयको संख्या पनि १ रहेको छ । वडामा सुरक्षा दिनको लागि प्रहरी चौकी रहेको छ । यस वडामा कच्ची सडक २४ किलोमिटर रहेको छ । वडाको आफ्नै भवन रहेको छैन अहिलेसम्म । वडाका प्रमुख समस्याहरूमा सरसफाई, ढल, सडक, सुरक्षा, आगलागी, सार्वजनिक भवन, सिंचाइ, नदी कटान र बाढीपहिरो रहेका छन् । यस्तै सुख्खा वा पानी नपर्दा कृषि उत्पादन गर्न समस्या रहेको छ ।

यस वडामा रहेका ७ जना अपाङ्ता भएका व्यक्ति मध्ये १ जना कान नसुन्ने, शारीरिक रूपमा अपाङ्ता भएका ४ र सुस्तमनस्थिति भएकाको संख्या चाहिँ २ रहेको छ ।

**वडागत जनसंख्याको विवरण :**

| घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्ग |
|---|---|---|---|---|---|---|
| १२८६ | ४७१४ | २४५३ | २२६१ | २०४८ | १८८९ | १५ |

यस वडाको कुल घरधुरी संख्या १ हजार २ सय ८६ रहेको छ जसमा ४ हजार ७ सय १४ जनसंख्याको बसोबास रहेको छ । यहाँ महिलाको जनसंख्या भन्दा पुरुषको जनसंख्या १ सय ९२ ले बढी रहेको छ । यस्तै वडाभर विवाहितको संख्या २ हजार ४८ छ भने अविवाहितको संख्या १ हजार ८ सय ८९ रहेको छ ।

**शैक्षिक अवस्थाको विवरण :**




माथिको स्तम्भ चित्रअनुसार यस वडामा औपचारिक शिक्षा नलिएका र कक्षा ८ सम्म अध्ययन गरेकाको संख्या निकै न्यून हुनुले वडाको शैक्षिक अवस्था राम्रो रहेको देखिन्छ । यसैगरी यहाँ कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययन गरेकाको संख्या १ हजार २ सय ५६ र स्नातक र सोभन्दा माथि अध्ययन गर्नेको संख्या १ हजार १ सय ८० पाइयो ।

**धार्मिक अवस्थाको वितरण :**



यस वडामा हिन्दू धर्म मान्नेको संख्या ३ हजार ८ सय ५९ पाइयो भने बौद्ध र क्रिश्चियन धर्मावम्बीको संख्या क्रमशः १ सय १७ र ५१ जना पाइयो ।

**भाषागत विवरण :**

| भाषा | संख्या |
|---|---|
| नेपाली | ४४६७ |
| मगर | ११२२ |
| किराँत | ८२ |
| तामाङ | २४१ |

वडाको कुल जनसंख्या ५ हजार ९ सय १२ मध्ये नेपाली भाषा बोल्नेको संख्या ४ हजार ४ सय ६७ रहेको छ । जसलाई प्रतिशतमा निकाल्दा वडाको कुल जनसंख्या मध्ये ७५.५५ प्रतिशतले नेपाली भाषा बोल्छन् । यसैगरी मगर भाषा बोल्नेको जनसंख्या १ हजार १ सय २२ रहेको छ जसलाई प्रतिशतमा निकाल्दा १८.९७ पाइयो । यस्तै किराँत भाषा बोल्नेको संख्या जम्मा ८२ जना रहेका छन् भने त्यसलाई प्रतिशतमा निकाल्दा १.३८ प्रतिशत पाइयो । यसैगरी तामाङ भाषा बोल्नेको संख्या २ सय ४१ जना छन् जसलाई प्रतिशतमा निकाल्दा ४.०७ प्रतिशत पाइयो ।

**वडागत पेशाको विवरण :**

| पेशाको नाम | अपनाउने संख्या |
|---|---|
| कृषि | १०८५ |
| व्यापार | ११९२ |
| जागिर | ४ |
| वैदेशिक रोजगार | १ |
| अन्य | ३ |

यस वडाको रोजगारीको अवस्था विश्लेषण गर्दा कृषि पेशा भन्दा व्यापार गर्नेको संख्या अधिक पाइयो । १०८५ जनाले कृषि पेशा अबलम्बन गरेका छन् भने ११९२ ले व्यापार गरेको पाइयो ।

# वडा नं. ८

## परिचय

यस वडाको पूर्वी सिमानामा रौतामाई गाउँपालिका भने पश्चिममा वडा नं ६ अवस्थित छ । यसैगरी उत्तरमा रौतामाई गाउँपालिका र दक्षिणी सिमानामा वडा नम्बर ७ पर्दछ। यस वडामा नरेटार, गडेरे, भलायडाँडा, साँघुरी, शितले, अम्बोटे, घुसेनी, लाकुरे, सिम्ले, चुरुम्फा, दामे, गोठडाँडा, बन्याला, भदौरे, खोल्मे, गैंडाखोर, बिर्तागाउँ, तिथ्रीबोट र नेपालटारसहित १९ वटा मुख्य टोलहरू छन्। वडाको प्रमुख पेशमा कृषि र पशुपालन ८० प्रतिशत रहेको देखिन्छ। यसैगरी उद्योगमा १ प्रतिशत, व्यापार व्यवसाय ३ प्रतिशत र अन्य पेशा १५ प्रतिशत रहेको छ। यस वडाको स्वास्थ्य चौकीको रूपमा रहेको भलायाडाँडामा अवस्थित छ। उता यस वडामा बाल विकास केन्द्रको संख्या १, आधारभूत विद्यालय ३ र माध्यमिक विद्यालयको संख्या ४ वटा रहेको छ। वडामा अहिलेसम्म निजि विद्यालय छैनन्। नेपालटारमा अस्थायी प्रहरी विट रहेको छ।

यस वडामा अहिलेसम्म फोहोर सङ्कलन गर्ने स्थान रहेको छैन । यस वडामा साविकको गाविसको भवन छ । यसले सेवा प्रवाहमा सहजता भएको छ। यसैगरी एक महिला बहुउद्देश्यीय सहकारी संस्था पनि रहेको छ भने वडाभित्र पसलहरू पनि छन्। यस वडामा रहेको खोल्मे वस्तीले नेवार जातीको संस्कृति झल्काउँछ भने लाकुरेमा तामाङ जातीको संस्कृति झल्कने गुम्बा रहेको छ। यस्तै गैंडाखोरमा महादेवस्थान पनि छ। वडामा हाल सवल संस्था, मेलमिलाप र बाल विकास समाजजस्ता गैरसरकारी संस्थाले पनि काम गरिरहेको छ । यस वडामा आर्थिक वर्ष २०७३/७४ मा नरेटार-चुरुम्फा सडक निर्माण सम्पन्न भएको हो । यसै गरी वडा

कार्यालयमा घेराबेरा लगाउने काम पनि सम्पन्न भयो । यस्तै गोठडाँडामा रहेको खानेपानी मर्मतसम्भार पनि सम्पन्न भयो । यस वडाका खास समस्याहरूमा सरसफाई, सडक, सुरक्षा, आगलागी, सार्वजनिक भवन, सिंचाइ, नदी कटान र बाढी पहिरो रहेको छ । यस्तै सुख्खा वा पानी नपर्दा कृषि उत्पादन गर्न समस्या रहेको छ ।

**वडागत जनसख्याको विवरण :**

| घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | विवाहित | अविवाहित | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|
| ९२६ | ४७१६ | २४०६ | २३१० | २२२९ | २१७२ | २४ |

वडाको कूल घरधुरी ९२६ रहेको छ भने कुल जनसंख्या ४,७१६ रहेको छ । जसमा पुरुषको संख्या २,४०६ र महिलाको संख्या २,३१० रहेको छ ।

**उमेरगत जनसंख्या वितरण :**




यस वडामा १६ वर्षभन्दा कम उमेरको जनसंख्या १,००७ पाइयो भने १६ वर्षदेखि ३० वर्षसम्मको उमेर भएकाको संख्या ७७० पाइयो । यसैगरी ३१ वर्ष देखि ५५ वर्ष उमेर समूहको संख्या ९६२ छ भने ५६ वर्ष उमेर भन्दा बढीको संख्या २६१ रहेको पाइयो । यसैगरी ६५ वर्ष भन्दा बढी उमेरका महिलाको संख्या ५८ छन् भने ७० वर्षभन्दा बढी उमेरका पुरुषको संख्या

२९ भएकोले यो नै यस वडाको सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसंख्या हो ।

## वडागत शैक्षिक अवस्था :




यस वडामा औपचारिक शिक्षा लिन नपाएका व्यक्तिको संख्या १५ देखिन्छ भने कक्षा ८ सम्म अध्ययन गरेका संख्या १६८ रहेको छ । यस्तै कक्षा ९ देखि १२ सम्म अध्ययन गरेकाको संख्या ६८ रहेको छ भने स्नातक र सो भन्दा माथि अध्ययन गर्नेको संख्या ११ देखिन्छ । यस वडामा शिक्षित मानिसको संख्या वडाको जनसंख्याको तुलनामा निकै कमजोर पाइयो ।

## वडागत धार्मिक अवस्था :



यस वडामा २८४७ जनाले हिन्दू धर्म मानेको पाइयो भने बौद्ध धर्म मान्नेको संख्या ४८२ रहेको पाइयो । क्रिश्चियन र किराँत धर्म मान्नेहरूको संख्या क्रमश: ७९ र १९ रहेको देखिन्छ ।

**भाषाको अवस्था :**

| भाषा | संख्या |
|---|---|
| नेपाली | ३४३१ |
| मगर | ९०९ |
| किराँत | १९७ |
| तामाङ | २२२ |

यस वडामा नेपाली भाषा बोल्नेको संख्या ३,४३१ पाइयो भने मगर भाषा बोल्नेको संख्या ९०९ पाइयो । यसैगरी किराँत भाषा बोल्नेको संख्या १९७ र तामाङ् भाषा बोल्नेको संख्या २२२ रहेको पाइयो । यसअनुसार नेपाली, मगर, किराँत र तामाङ भाषा बोल्नेको प्रतिशत क्रमश : ७२.०९, १९.१०, ४.१३ र ४.६६ प्रतिशत पाइयो ।

**जमिनको क्षेत्रफल स्क्वायर मिटरमा :**



यस वडामा १० हजार स्क्वायर मिटर क्षेत्रफलभन्दा माथिको जमिन प्रयोग गर्नेको संख्या ३१ जना, ५००१ देखि दश हजार स्क्वायर मिटर क्षेत्रफलभन्दा बढी जमिन प्रयोग गर्नेको संख्या ७ जना, ३००१ देखि ५ हजार स्वाक्यर मिटरभन्दा बढी क्षेत्रफल भएकाहरू ११ जना छन् ।

**पेशागत विवरण :**

| **पेशा** | **संख्या** |
|---|---|
| कृषि | २८९ |
| व्यापार | |
| जागिर | १ |
| वैदेशिक रोजगार | ८ |
| अन्य | २८९ |
| **कृषि उत्पादन** | **परिमाण** |
| धान (मुरी) | ८५० |
| मकै (मुरी | ६९३ |
| गहुँ (मुरी | ८ |
| आलु ( किलो) | २०६१ |
| तरकारी (किलो) | - |
| फलफूल(किलो) | - |
| कोदो (किलो) | - |

## पशुपंक्षीको विवरण :




यस वडामा गाईको संख्या २३४, गोरुको संख्या ५४५, बाच्छाबाच्छीको संख्या २०२, भैंसीको संख्या १४० वटा, राँगाको संख्या ८६ रहेको छ । यसैगरी पाडापाडीको संख्या ७३ वटा, बाखाको संख्या २,२९३ वटा, बोकाको संख्या ७७०, खसी ७७२ वटा, बंगुर १४० वटा, कुखुरा १,६२३ वटा र हाँसको संख्या ३९६ वटा रहेको छ ।



**घरको प्रकार**

| किसिम | संख्या |
|---|---|
| **जम्मा घर** | ७३८ |
| पक्की | १० |
| जस्ता | २५ |
| टायल | २२ |
| काठ | ३० |
| खर/पराल | ६५१ |

यस वडामा जम्मा घरधुरी ७३८ छ। जसमा पक्की घर १० वटा, जस्ताको छाना भएको घर २५ वटा, टायलको छाना भएको घर २२ वटा र खरको छाना भएको घरको संख्या ३१ वटा रहेको छ।

# खण्ड ५

## अध्ययनबाट देखिएका समस्या र चूनौति तथा समाधानहरू

संघीयता विकेन्द्रीकरणको अनुपम उदाहरण हो । नेपालको विकेन्द्रीकरणको प्रयासले सार्थकता नपाए पनि अब संघीयतामा विगतका असफलताहरू देखा नपर्ने आँकलन गर्न सकिन्छ । संविधानमा राज्य शक्तिको बाँडफाँटमा तीनै तहका सरकारसँग शासकीय अधिकारसहितका हक अधिकार रहेको उल्लेख छ । यही आधारमा स्थानीय तहहरूले संविधानको अनुसूचीमा उल्लेख भएका अधिकारहरूको कार्यान्वयन क्रमशः गर्दै आएका छन् ।

संघीयता कार्यान्वयनको प्रारम्भिक वर्ष भएकोले स्थानीय तहमा काम गर्ने सवालमा केही जटिलताहरू आउनु स्वाभाविकै हो । शासन व्यवस्था नै परिवर्तन भएकोले स्थानीय सरकारले संविधानको भावनालाई क्रमश : समात्दै नेपाल सरकारको समृद्ध नेपाल : सुखी नेपाली' भन्ने नारालाई सफल बनाउने सक्दो प्रयास गरिरहेका छन् । नागरिकको सबैभन्दा नजिकको र पहुँचयोग्य सरकार भनेकै गाउँपालिका हो । यसैले गाउँपालिकासँग नागरिकका धेरै अपेक्षाहरू छन् । मागहरू छन् । गाउँपालिकाले तिनै माग र आवश्यकतालाई पहिचान गरी स्थानीय विकासमा स्थानीय नागरिकको संलग्नतालाई अधिकतम ध्यान दिदै आएको छ । गाउँपालिकाले आफूलाई प्राप्त संवैधानिकलगायतका अन्य कानुनी हक तथा अधिकारको प्रयोग गरी समावेशी, समन्यायिक, पहुँचयोग्य तरीकाले किसान, गरीब, विपन्न, दलित, पछाडि पारिएका वर्ग/समुदाय, अल्पसंख्यक, मधेशी, जाती तथा जनजातिलगायतलाई राज्यको मूलप्रवाहीकरणमा समावेश गर्ने नीति लिएको छ । नागरिकको सशक्तीकरणमा गाउँपालिकाले अहंम भूमिका खेलिरहेको छ ।

## प्रमुख समस्या र चूनौति

- उदयपुरगढी भित्रका वस्तीहरू निकै विकट छन् । नेपालटार बजारबाट गाउँपालिकाको केन्द्र उदयपुरगढीसम्म जाने बाटो अहिलेसम्म पनि कालोपत्रे हुन सकेको छैन । हुन त केही अघि यो सडक कालोपत्रे पनि भएको भएपनि अहिले कालोपत्रे भत्किएको छ । यो सडकमा नाला बनाउने कार्यपनि कतैकतै भएपनि सडकको स्तारोन्नती भइ कालोपत्रे गर्न आवश्यक छ । जिल्लाको पुरानो सदरमुकामै रहेको उदयपुरगढीमा हालसम्म पनि कालोपत्रे सडक नहुँदा ठूलो समस्या भएको छ । साथै यस सडकसँग तथा गाउँपालिकाको केन्द्रसँग जोडिने अन्य सडकहरू ट्र्याग खन्ने काम भएपनि तिनलाई पनि क्रमशः स्तोरोन्नति गरी बारै महिना सडक सञ्चालन भएमा गाउँपालिका आउने मात्रै नभइ स्वास्थ्य, शिक्षा तथा अन्य सुविधाको लागि पनि यातायातको पहुँच पुग्नेछ ।

- अहिलेको युग सूचना तथा सञ्चार प्रविधिको भएकोले यसको नेटवर्क यस गाउँपालिकामा राम्रोसँग स्थापित गर्नुपर्छ ।

- गाउँपालिकाको केन्द्रमा अहिले जनसंख्या र घरको चाप कम देखिए पनि हिजो गाउँ छोडेर गएकाहरू वा जमिन खरिद बिक्रीबाट नयाँ मानिसहरू आउने सम्भावना देखिएकोले हाल रहेको खानेपानीको अभावलाई सक्दो चाँडो पूर्ति गर्नुपर्ने देखिन्छ । गढीमा रहेका होमस्टेमार्फत् पर्यटन प्रर्वद्धन गर्न सकिने सम्भावना भएकोले गाउँपालिकाले यसमा ध्यान दिन जरुरी छ । गाउँपालिका हातामा निर्माणाधीन भ्यु टावरलाई सम्पन्न गर्न तर्फ ध्यान दिनुपर्छ । गाउँपालिका भित्रका वन(सामुदायिक, राष्ट्रिय, धार्मिक) वनहरूको उचित संरक्षण र संवर्द्धन गर्दै वनजन्य सम्पदा संरक्षण गर्न जरुरी छ ।

- गाउँपालिकाभित्र उत्पादनमुलक उद्योगधन्दा तथा व्यवसाय स्थापना गर्न तथा निरन्तर सञ्चालन गर्नको लागि वित्तीय संस्थाहरूको लगानी

बढाउनु पर्ने देखिन्छ। पशुपालन खासगरी व्यावसायिक बाख्रापालनलाई बढोत्तरी गर्ने हो भने गरीब, निमुखा तथा ग्रामीण भेगका किसानहरूले लाभ लिन सक्छन् । यसैले गाउँपालिकाको ध्यान ग्रामीण क्षेत्रमा व्यावसायिक रूपमा बाख्रापालन तथा उत्पादित बाख्रा, खसीबोकाको बजारीकरण, खपत पनि ध्यान दिन आवश्यक छ। जिल्ला सदरमुकाम गाईघाट वा जिल्लाको अर्को बजार कटारीको लगभग बीचमा अवस्थित यस उदयपुरगढी गाउँपालिका भित्रका उत्पादनलाई सहजै बजारीकरण गर्न सकिने पनि प्रबल सम्भावना छ । गाउँपालिकाको प्रमुख बजार नेपालटारदेखि काठमाडौंसम्म सवारी साधनको सहज पहुँच भएकोले यहाँ उत्पादित कुनै पनि चिजको बजारीकरणमा खासै समस्या नभएपनि अझैपनि व्यावसायिक चेतको भने कमि देखिन्छ। यसैगरी कृषि तथा फलफूलको व्यावसायिकताको लागि पनि अर्जुनदृष्टि लगाउन सकेमा गाउँपालिकाको समृद्धि हुनेछ । नेपालटार बजार वरपरमा आँप तथा लिच्चीलगायतका फलफूलको पनि उत्तिकै संभावना र उत्पादन देखिएकोले व्यावसायिक फलफूलको विकासमार्फत् गाउँपालिकाको समृद्धि हासिल गर्न सकिन्छ । पशु, कृषि र फलफूलको पकेट क्षेत्र घोषणा गरी कार्यक्रम तथा योजना अघि बढाएमा उदयपुरगढीको कायापलट हुनेछ ।

- फलफूलको लागि माटोको थप परीक्षण गरी योजनाबद्ध ढंगबाट खेतीगर्न आवश्यक देखिन्छ।
- यसैगरी दिनहुँ जनघनत्व बढ्दै गएको नेपालटार बजारलाई अझै व्यवस्थित बनाउनु पर्ने अवस्था देखिन्छ। नजिकको बैजनाथको खोलामा तटबन्ध निर्माण, बजारमा ढल तथा नालाको विकासलगायतका कार्य गर्नुपर्ने देखिन्छ ।
- विद्युतको राष्ट्रिय प्रसारणले अझै पनि छुन नसक्दा स्थानीयहरू लघुजलविद्युत तथा सौर्य उर्जामा निर्भर छन्। गाउँपालिकाको केन्द्रमा

पनि विद्युतको पोल र तार झुण्डिएको त देखिन्छ तर त्यसमा विद्युत प्रवाह कहिले हुने भन्ने अनुत्तरित छ । तर पछिल्लो समय ग्रामीण विद्युतीकरणको लागि प्रयास भइरहेको गाउँपालिकाले जनाएको छ । ग्रामीण विद्युतीकरणको लागि केन्द्रबाट प्राप्त सहयोगको साथसाथै स्थानीयले पनि रकम सङ्कलन गरेका छन् ।

- स्थानीयको दिगो र गुणस्तरीय जीवनयापनको लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, यातायातजस्ता आधारभूत मानवीय सुविधाको पहुँच पुऱ्याउन गाउँपालिकाले कुनै पनि कसर बाँकी राख्नु हुदैन । यसैगरी बालबालिकाहरूको स्वास्थ्य तथा शिक्षामा पनि उत्तिकै ध्यान दिन आवश्यक छ ।

- गाउँपालिकाले उद्यमशीलताको विकास गर्न सरोकारवाला निकायसँग हातेमालो गर्दै स्थानीयको आयआर्जन र रोजगारीको पनि विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

- गाउँपालिकाले पनि आफ्नो आन्तरिक स्रोत अभिबृद्धि गर्न जरुरी छ । उसले राजस्वका क्षेत्रहरू पहिचान गरी राजस्वका दरहरू निर्धारण गर्न राजस्व सुधार कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले राजस्व सुधार योजना बनाउनु अनिवार्य छ ।

- गाउँपालिकाभित्रका गरीब, विपन्न तथा सीमान्तकृतलाई एकीकृत वस्ती विकास गरी आवास सुविधा दिने योजना बनाउन केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्ने व्यवस्था मिलाउनु पर्छ ।

- सुशासनको लागि प्राप्त बजेटलाई पारदर्शी ढंगले सञ्चालन गरेमा गाउँपालिकाको सक्षमता उच्च हुन जान्छ । यसैले गाउँपालिकाले सञ्चालन गरेका विकास आयोजनाको निरन्तर अनुगमन र मूल्याङ्कन गरिनुपर्छ । क्रमागत योजनाहरू सकेसम्म छिटो सम्पन्न गरेमा नयाँ

योजना चयनमा सहज हुनेछ ।

- गाउँपालिकाले योजना चयनमा प्राथमिकीकरण गर्दै आफैंले सम्पन्न गर्न सक्ने योजनालाई आफैंले गर्ने र नसक्ने योजनालाई प्रदेश वा केन्द्र सरकारसँग सहयोग माग्न योजनाबद्ध ढङ्गले लाग्न सकिन्छ । उदाहरणको लागि नेपालटार-उदयपुरगढी जोड्ने सडक स्तरोन्नतीको लागि प्रदेश सरकारको सहयोग माग्न सकिन्छ ।

- यसैगरी उदयपुरगढीको एकीकृत पर्यटन विकास पनि प्रदेश सरकार र नेपाल पर्यटन बोर्डले सहयोग गर्न सक्छन् । पुरानो गढीको पनि संरक्षण, संबर्द्धनको आवश्यकता छ ।

- गाउँपालिकाको दिगो ग्रामीण विकास नीति अख्तियार गर्दै ग्रामीण परिवेशमा पनि शहरी सुविधा उपभोग गर्ने दुरदृष्टि बोक्नुपर्छ ।

- लैङ्गिक समतामूलक र जलवायु अनुकुलताको बजेट निर्माण तथा कार्यान्वयन गरिनुपर्छ ।

- गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रममा लक्षित समूहलाई लाभान्वित बनाउनेमा उचित ध्यान दिनुपर्छ ।

- स्थानीय तहको अधिकारअनुसार विपद् व्यवस्थापन कार्यमा ध्यान दिनुपर्छ ।

- गाउँपालिकामा भए गरेका कामको नागरिकको सहभागितामा सार्वजनिक सुनवाइ गरिनुपर्छ ।

- गाउँपालिकाको विकासको लागि प्रदेश र संघ सरकारसँगको अनुमतिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरूलाई विकासका काममा आमन्त्रण गर्नुपर्छ ।

- स्थानीय स्तरका विदेशिएका जनशक्ति वा गाउँमा बेरोजगार

युवायुवतीलाई लाभ पुग्ने गरी रोजगारमुलक कार्यक्रम सञ्चालन गर्न सक्नुपर्छ ।

- विगतका जिल्लाका विषयगत कार्यालयहरू गाउँपालिकाका शाखा वा फाँट भइसके पनि अझै पनि तिनको आवश्यक तथ्य, तथ्याङ्क वा अभिलेख निर्माण हुन सकेको छैन । यसैले अभिलेखीकरणको कार्यलाई चुस्तदुरुस्त राख्नुपर्छ ।
- बृद्ध बृद्धा, एकल महिला, अपाङ\गता भएका बालबालिका तथा व्यक्ति, सुविधाविहीन, जेष्ठ नागरिकको लागि गाउँपालिकाले बृद्धआश्रम वा एकीकृत बसोबासको व्यवस्थापन गरी तिनको समृद्धिको लागि योजनाबद्ध काम हुनसक्छ ।
- सामाजिक परिवर्तन तथा रूपान्तरण, नेतृत्व तथा क्षमता विकास, गुणस्तरीय जीवनयापन, प्रभावकारी सञ्चार तथा जीवनोपयोगी सीप बालबालिका तथा युवायुवतीको लागि सञ्चालन गर्न सकिन्छ ।
- गाउँपालिका तथा वडाले नागरिक वडापत्र बनाइ लागू गर्नुपर्छ ।
- विपत व्यवस्थापन, कर्मचारी व्यवस्थापन जस्ता विषयमा चुस्तता हुनेगरी कार्य योजना बनाई अभ्यास गर्नुपर्छ ।

**सुझावहरू :**

गाउँपालिकाले हरेक वर्ष यस्तो किसिमको तथ्याङ्क अद्यावधिक गर्नुपर्छ । पार्श्वचित्रलाई दराजमा थन्क्याउने किताबको ठेली मात्र नबनाई सबै जनप्रतिनिधि तथा सरोकारवालाहरूको हातहातमा भैरहने गरी जीवन्त पुस्तक बनाउनु पर्छ । यसैगरी प्राप्त तथ्यलाई आधार मानेर विकासका लागि नीति निर्माण गर्नुपर्छ । यस्तै, गाउँपालिकाको विकासको लागि विस्तृत गुरुयोजना बनाउँदा यस्ता खालका आवधिक अध्ययन एवं पार्श्वचित्रलाई आधार मान्न सकिन्छ । बुँदागत रुपमा सुझावहरुलाई

निम्नानुसार प्रस्तुत गरिएको छ ।

- आय आर्जन बढाउने उपायहरूबारे सम्भाव्यता अध्ययन गरी त्यसको कार्यान्वयन गर्ने ।
- गाउँ र टोलअनुसार व्यवसाय विविधिकरण गरी उत्पादन र बिक्री वितरणको व्यवस्थापन मिलाउने ।
- गाउँपालिकाभित्र निम्न आय भएका घरपरिवार संख्या किटान गरी उनीहरूलाई अल्पकालिन र दीर्घकालिन पेशाको सहजता प्रदान गर्ने ।
- हालका बसोबास भएका वस्तिहरुको अवलोकन गरी प्राकृतिक प्रकोपबाट जोगिन सक्ने विकल्पहरू बारे बेलैमा सचेत गर्ने र गराउने जस्तै : बाढी, पहिरो, भुइँचालो, हुरीबतास, डडेलो आदिबाट ।
- बालबालिका तथा वृद्धहरुलाई उपयुक्त दिवा सेवा केन्द्रहरूको स्थापना गर्ने ।
- अपाङ्गताको अवस्थाहेरी त्यस्ता व्यक्तिहरूलाई राख्न सक्ने स्थानहरु पहिचान गर्ने, उनीहरूको सहजतालाई ध्यान दिई व्यवस्थापन मिलाउने ।
- परिवार, रोजगारी, पेशा र क्षमता बीच तालमेल मिलाउने ।
- विद्यालय शिक्षाको गुणस्तरियता सुनिश्चितता गर्न आवश्यक पहलकदमी गर्ने ।
- स्वास्थ्य संस्थाको क्षमता विकास गरी टोल टोलका स्टेचरहरूको व्यवस्थापन गर्ने ।
- विपत् व्यवस्थापनसँग सम्बन्धित विषयहरूमा छलफलाई प्रभावकारी उद्धारको व्यवस्था मिलाउने ।
- कर्मचारीहरुको दरबन्दी र कामको तालमेल मिलाउने ।
- कृषि, वागवानी, पशुपालन, जडिबुटी र वनजंगलको सदुपयोग गरी उच्चतम आयआर्जनको व्यवस्था मिलाउने ।
- गाउँपालिकामा सञ्चालन गरिने हरेक योजनाको शुरुको अवस्था

मध्यावधि अवस्था र अन्तिम अवस्थाको अनुगमन, मूल्याङ्कन र विश्लेषण गर्ने ।

- हरेक कार्यक्रमको नतिजा विश्लेषण गर्ने ।



उदयपुरगढी गाउँपालिकाको नवनिर्मित भवन




उदयपुरगढी गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीको क्षमता

अभिवृद्धि तालिमको उद्घाटनका क्रममा मन्तव्य राख्दै गाउँपालिका अध्यक्ष (मिति : २०७५/०३/१५ गते)।




उदयपुरगढी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिमको उद्घाटनका क्रममा मन्तव्य व्यक्त गर्दै गाउँपालिकाका उपाध्यक्ष (मिति : २०७५/०३/१५ गते)।



उदयपुरगढी गाउँपालिकाको जनप्रतिनिधिको क्षमता अभिवृद्धि तालिमको क्रममा सहभागीहरू (मिति : २०७५/०३/१५ गते)



उदयपुरगढी गाउँपालिकाको न्यायिक समितिको तालिममा सहभागी हुँदै जनप्रतिनिधिहरू (मिति : २०७५/०३/१५ गते)।



उदयपुरगढी गाउँपालिका कर्मचारीहरू क्षमता अभिवृद्धि तालिममा सहभागी हुँदै (मिति : २०७५/०३/१५ गते)।

# खण्ड ६

## अनुसूचीहरू

### अनुसूची-१

**काउन्सिल एण्ड काउन्सिल प्रा.(लि)**

**नयाँ बानेश्वर, काठमाडौं**

**सामाजिक परिचालक फिल्ड सर्वेक्षण**

**पारिवारिक वस्तुगत विवरण सङ्कलन फाराम**

फाराम नं.

उदयपुरगढी गाउँपालिका, उदयपुर

वडा नं. ....................... टोल .......................घर नं. .........
(नभएको भए खाली राख्नुहोस्)

परिवार – तलको तालिकामा जेष्ठ सदस्यबाट सुरु गर्दै सबै परिवार सदस्यहरूको विवरण भर्नुहोस् ।

| क्र.सं | परिवार सदस्यहरूको नाम | घरमुली सँगको नाता | उमेर | लिंग | विवाहित अविवाहित | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

घरमुलीको सर्म्पक नम्बर :

इमेल:

तपाईको परिवारमा कोही अपाङ्गता भएको हुनुहुन्छ ? हुनुहुन्छ भने कति जना र कस्तो खालको अपाङ्गता हुनुहुन्छ ?

..........................................................................

धर्म हिन्दु...... बौद्ध...... इस्लाम...... क्रिश्चियन......... किराँत.........

अन्य..................

**घरमा बोलिने भाषाहरू के के हुन् ?**

............................................

## आर्थिक विवरण

जग्गा :

खेती योग्य ........... विघा ........... कट्ठा ........... धुर.........रोपनी........ आना

खेती अयोग्य ........... विघा ........... कट्ठा ........... धुर.........रोपनी........ आना

खेती :

| बाली | परिमाण | अन्दाजी मूल्य |
|---|---|---|
| धान | | |
| मकै | | |
| गँहु | | |
| आलु | | |
| तरकारी | | |
| फलफूल | | |
| अन्य | | |

पशुपंक्षी :

| पशुपंक्षी | संख्या | अन्दाजी मूल्य |
|---|---|---|
| गाई | | |
| गोरु | | |
| वाच्छावाक्षी | | |
| भैंसी | | |

| | | |
|---|---|---|
| राँगा | | |
| पाडापाडी | | |
| बाख्रा | | |
| बोका | | |
| खसी | | |
| सँगुर/बंगुर | | |
| कुखुरा | | |
| हाँस | | |

नोकरी :

| नाम | मासिक तलब/पेन्सन | संस्थाको नाम |
|---|---|---|
| नोकरी गर्नेको नाम | | |
| नोकरी गर्नेको नाम | | |
| नोकरी गर्नेको नाम | | |
| रिटायर्ड भइसकेको व्यक्तिको नाम | | |

उद्योग/व्यापार :

| उद्योग/व्यापारको नाम | मासिक आम्दानी |
|---|---|
| | |
| | |
| | |

**खर्चको विवरण (मासिक)**

| शीर्षक | खर्च |
|---|---|
| खाना | |
| लत्ताकपडा | |
| स्कूल/कलेज | |
| औषधि उपचार | |
| मनोरन्जन | |
| भैपरी | |
| अन्य | |

**घरको विवरण**

घर संख्या. ..........

पक्की घर

जस्ता/च्यादरले छाएको घर

टायल/ढुंगाले छाएको घर

काठले छाएको घर

खर/परालले छाएको घर

तपाईले गाँउपालिकाबाट अपेक्षा गर्नुभएको बिषयहरू के के हुन् ?

१२. तपाईको घरमा उपलब्ध यातायातका साधनहरू के के छन् ?

| यातायातको साधन | संख्या |
|---|---|

| | |
|---|---|
| साइकल | |
| मोटरसाइकल | |
| गाडी(बस/जीप/कार/भ्यान/ट्रक) | |
| ट्र्याक्टर | |
| डोजर/स्काइभेटर | |

तपाईको घरमा भएका विद्युतीय उपकरणहरू के के छन् ?

रेडियो

टिभी/केबल लाइन

टेलिफोन

कम्प्युटर/प्रिन्टर

इन्टरनेट

फ्रिज

सोलार बत्ती

अन्य..............

माथिका बाहेक अन्य केही सुझावहरू भए उल्लेख गर्नुहोस् ।

**सहयोगको लागि धन्यवाद !**

## अनुसूची -२

## प्रश्नावली काउन्सिल एण्ड काउन्सिल प्रा.लि, नयाँ बानेश्वर,काठमाडौं

## उदयपुरगढी गाउँपालिका, उदयपुरको पार्श्वचित्रको लागि वडा सम्बन्धी सूचना सङ्कलन फाराम (वडा सचिव/...हरूको निम्ति)

१. **वडा नं.:** **वडा सचिवको नाम:**

२. **वडाको क्षेत्रफल :** वर्ग कि.मि **सम्पर्क फोन नं.:**

३. **वडाको सिमाना:**

**पूर्व:**

**पश्चिम:**

**उत्तर:**

**दक्षिण:**

३. **टोल संख्या:** १.....

४. **टोलका नामहरू:**

**५. जनसंख्या र घरधूरी:**

कूल घरधूरी संख्या:................

कूल जनसंख्या :

पुरुष: .............

महिला:.............

१६ वर्ष मुनिका बालबालिकाका संख्या:..................

**६. वडामा यदि कोहि मानसिक समस्या भएको भए त्यसको संख्या**

**७. २०७४ सालभित्र जन्म भएको संख्या**

**२०७४ भित्र मृत्यु भएकाको संख्या**

**८ प्रमुख पेशाहरू:**

**कृषि र पशुपालन** ................ प्रतिशत:

**उद्योग** ............................... प्रतिशत:

**व्यापार व्यवसाय**.................... प्रतिशत:

**अन्य**...................................... प्रतिशत:

**९. घरसम्बन्धी विवरण:**

**माटोको जोडाइ भएको** घर संख्या:................ प्रतिशत:

**सिमेन्टको जोडाइ भएको** घर संख्या:.............. प्रतिशत:

**अन्य:**

**१०. वडाको महत्त्वपूर्ण स्थलहरू:** बजार, धार्मिक स्थल, चौतारा, हेलिप्याड आदि ।

**११. वडामा भएका स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरू :**

**१२.शिक्षाको स्थिति :**

बालविकास केन्द्रको संख्या....................................विद्यार्थी संख्या........................

प्राथमिक विद्यालय संख्या :......................................विद्यार्थी संख्या:...................

माध्यमिक विद्यालय संख्याः विद्यार्थी संख्याः................

निजी विद्यालय संख्या.............................................विद्यार्थी संख्या................

स्नातक र सो भन्दा माथि शिक्षण संख्याः...................... विद्यार्थी संख्याः....................

**१३. वडामा सुरक्षा दिने निकायको नाम:**

**१४. खानेपानी र सरसफाइको स्थिति:**

धारा वितरण संख्याः

लक्षित जनसंख्याः

ढलको विवरणः

कि.मि..................अवस्था...................

फोहोरमैला सङ्कलन - दैनिक/साप्ताहिक/मासिक) .......................मेट्रिक टन

फोहोर सङ्कलन गर्ने सवारी साधन/ट्याक्टर संख्याः........................

फोहोर सङ्कलनको घरदैलो सुविधा, छ................. छैन..................

फोहोर उठाउन घरदैलो सुविधा लिनेको संख्याः..............

## १५. विभिन्न पुर्वाधार भएका घरहरूको संख्या र प्रतिशत

| पुर्वाधारको किसिम | घर/व्यक्ति/संख्या | प्रतिशत |
|---|---|---|
| विद्युत सेवा (बिजुली) | | |
| टेलिफोन लाइन | | |
| मोबाइल प्रयोग गर्ने व्यक्ति | | |
| शौचालय भएको घर | | |
| खानेपानी उपलब्ध घर | | |
| सौर्य उर्जा | | |
| लघु जलविद्युत | | |
| बायोग्याँस | | |
| मटितेल | | |
| ग्याँस सिलिण्डर | | |
| चिम्निसहित आधुनिक चुल्हो भएको घर | | |

## १६. वडामा मनाइने प्रमुख चाडपर्व तथा जात्राहरूको विवरण:

| चाडपर्व र जात्राको नाम | मनाउने तिथिमिति | मनाउने वर्ग, समूह र क्षेत्र | विशेषता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**१७. वडामा रहेका स्तरीय होटेलहरूको नाम:**

**१८. वडाका प्रमुख सडकहरूको किसिम र क्षेत्रफल:**

| **सडकको किसिम** | **लम्बाई (कि.मि)** | **अवस्था** |
|---|---|---|
| कालोपत्रे | | |
| ग्राभेल | | |
| कच्ची | | |
| गोरेटो/घोडेटो | | |

(वडा भित्रका प्रमुख कालोपत्रे सडकको नाम, लम्बाई, चौडाइ र औषत ट्राफिक संख्या)

| **क.सं** | **सडकको नाम** | **देखि** | **सम्म** | चौडाइ मि. | लम्बाइ कि.मि | औषत -दैनिक ट्राफिक) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**१९. वडामा रहेका संस्थागत भवन -कार्यालयको विवरण)**

| **नाम** | **ठेगाना** | **ओगटेको क्षेत्रफल -कठ्ठा)** | **स्वामित्व** |
|---|---|---|---|
| साविक गाविस भवन | | | |
| स्वास्थ्य चौकी भवन | | | |
| | | | |
| | | | |
| | | | |

**२०. बैंक, वित्तीय संस्था, सहकारीको विवरणः**

**२१. वडाभित्र रहेका प्रमुख पसलहरूको विवरणः**

**२२. वडामा उपलब्ध** (मनोरंजन स्थल, क्रिडा स्थल, पार्क, बगैंचा, सिनेमा हल आदि छन् भने तिनीहरूको विवरण दिनुहोस् ।)

रंगशाला/कर्बड हल संख्याः...................

सिनेमा हल संख्याः......................

पुल हाउस/बलिङ सेन्टर/फुटसल संख्याः ................

पार्क/बगैंचा संख्याः

फूटबल, भलिबल ग्राउण्ड ...........

**२३. पर्यटकीय एवं सांस्कृतिक स्थलहरूको विवरण**

सम्पदाको किसिमः .............. संख्याः.................... महत्वको कारण

१.
२.
३.
४.
५.

**२४. वडाका प्रमुख सार्वजनिक स्थलहरूः**

| किसिम/नाम | उद्देश्य | संख्या | प्रमुख विशेषता |
|---|---|---|---|
| सार्वजनिक चौर | | | |
| पोखरी, ताल तलैया | | | |
| | | | |
| | | | |
| | | | |

## २५. कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको विवरण

| क.सं. | संस्थाको नाम | सेवाको क्षेत्र | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## २६. वडामा संचालित गत वर्षका प्रमुख आयोजनाहरूको विवरण

| आयोजनाको नाम | सञ्चालित टोल | लाभान्वित जनसंख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

## २७. वडाको आफ्नै भवन छ.............. छैन

(भएमा भवनको अवस्था के कस्तो छ खुलाउने

## २८. वडामा रहेका जनजाति, दलित, अपांग र एकल महिलाको जनसंख्या

| जनसंख्याको समूह | जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|
| जनजाति | | | |
| दलित | | | |
| अपांग | | | |
| एकल महिला | | | |
| एकल पुरुष | | | |

## २९. वडाको विगत एक वर्षदेखिको सामाजिक समस्या

दुर्घटनाबाट मृत्यु संख्या :

आत्महत्या :

दुर्व्यसनीको संख्या :

महिला हिंसाको संख्या :

पुरुष हिंसाको संख्या :

## ३०. वडाबाट सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण

| जेष्ठ पुरुष | जेष्ठ महिला | एकल महिला | अपांङगता भएका | अन्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(यो आर्थिक वर्षमा भएको कूल खर्च खुलाउने)

## ३१. वडाका प्रमुख समस्याहरू उल्लेख गर्ने

१. सरसफाई समस्या

२. ढल

३. सडक

४. सुरक्षा

५. आगलागी

६. सार्वजनिक भवन

७. सिचाइँ, नदी कटान, बाढी पहिरो

## ३२. विपद व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन प्रश्नावली

१. तपाईको कार्यक्षेत्र रहेका वडाभित्र के कस्तो विपदको सामना गर्नुपर्ने परिस्थिति छ ? (समस्या भएको ठाउँको नामसमेत खुलाउने)
(समस्या भएको ठाउँको नाम ....................

| | | | |
|---|---|---|---|
| (क) बाढी, पहिरोको समस्या | छ | ☐ | छैन |
| (ख) भूकम्प | छ | | छैन |
| (ग) आगलागी | छ | ☐ | छैन |
| (घ) वर्ड फ्लू रोग | छ | ☐ | छैन |
| (ङ) अन्य माहामारी रोग | छ | ☐ | छैन |
| (च) सुख्खा (पानी नपर्ने) | छ | ☐ | छैन |
| (छ) अन्य भए खुलाउने: सर्प दम्स | | | छैन |

वडाभित्र सामना गर्नुपरेका उल्लिखित समस्याबाट केही क्षति भएको छ भने सोको संक्षिप्त विवरण उल्लेख गरिदिनुहोस् ।

२. विपद व्यवस्थापनको सामना गर्न वडामा पूर्व तयारीसम्बन्धी व्यवस्था छ  छैन नभएको भए त्यसका कारण उल्लेख गरिदिनुहोस् ।

३. तपाईको वडामा विपद व्यवस्थापनका जोखिमहरूलाई न्युनीकरण गर्दै प्रभावकारी रूपमा त्यसको निराकरण गर्न के कस्तो सुझाव दिन चाहनु हुन्छ ? उल्लेख गर्नुहोस् ।

क.

ख.

ग.

(द्रष्टव्य: कृपया यो फाराम भर्न ठाउँ नपुग भए यसै पानाको पछाडि संकेत दिएर अथवा छुट्टै कागज संलग्न गर्न सकिनेछ ।)

## ३३. भू-उपयोगसम्बन्धी विवरण

| क्र.स | विवरण | क्षेत्रफल (वर्ग कि.मी) | प्रतिशत |
|---|---|---|---|
| १. | जम्मा क्षेत्रफल | | |
| २. | कृषि क्षेत्र | | |
| ३. | वन तथा चरन क्षेत्र | | |
| ४ | आवास | | |
| ५ | नदी तथा खोलाले ओगटेको क्षेत्र | | |
| ६ | तालतलैया | | |
| ७ | सिमसार | | |
| ८ | औद्योगिक क्षेत्र | | |
| ९ | सडक क्षेत्र | | |
| १० | सिचाइँ | | |
| ११ | अन्य | | |

सहयोग र समयका लागि धन्यवाद ।

# अनुसूची-३

## स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र नागरिक अभियन्ताहरूको लागि तयार गरिएको सर्वेक्षण फाराम

## २०७५

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश र स्थानीय सरकारका अन्य ऐन, नियम, कार्यविधि, नियमावली तथा आर्थिक सर्वेक्षण २०७४/७५ को आधारमा काउन्सिल एण्ड काउन्सिल प्रा.लि. काठमाडौंले यो सर्वेक्षण तयार गरेको हो। यसले स्थानीय तहको प्रोफाइल तयार गर्न चाहिने आवश्यक तथ्य, तथ्याङ्कहरूलाई सुक्ष्म रूपमा सङ्कलन गर्ने अपेक्षा गरिएको छ । सर्वेक्षणका लागि समय उपलब्ध गराइदिनुभएकोमा धन्यवाद ज्ञापन गर्दै तपाईहरूबाट प्राप्त तथ्याङ्कको सहयोगबाट तपाई कै स्थानीय तहको सबल प्रोफाइल तयार हुने विश्वास गरिएको छ। तपाईबाट प्राप्त सूचनाको गोपनीयता कायम हुने विश्वास दिलाउन चाहन्छौं।

### सर्वेक्षण अन्तरवार्ता प्रारम्भ गर्नु पूर्वका आवश्यक सूचना

| | | |
|---|---|---|
| क | फिल्ड रिसर्चरको नाम: | |
| ख | सर्वेक्षण मितिः | |
| ग | सहभागीको नाम, थर | |
| घ | सहभागीको पद: | |
| ङ | मोबाइल नं: | |

## स्थानीय तहको

| | | |
|---|---|---|
| क | नामः | |
| ख | वडा नम्बर | |
| ग | ठेगानाः | १. प्रदेश नं :<br>२. जिल्लाः |
| घ | गाँउ/शहरको अवस्थाः | १. गाँउ<br>२. शहर |

## अ. स्थानीय तह/ वडाको

| क्र. स | विषयहरू | सम्भावित उत्तरहरू |
|---|---|---|
| १ | भोगौलिक सीमा | पूर्व ................<br>पश्चिम............<br>उत्तर.............<br>दक्षिण........... |
| २ | सामाजिक अवस्था (यहाँ बसोबास गर्ने विभिन्न जातिहरू) | |
| ३ | जनसंख्या र जनसांख्यिक वितरणको अवस्था | पुरुष-<br>महिला-<br>अन्य-<br>कुल- |
| ४ | भाषिक र साँस्कृतिक विशिष्टता | यहाँ बोलिने भाषाहरू-<br><br>यहाँ मनाइने चाडपर्वहरू- |
| ५ | सेवा सुविधाको वितरण र अवस्था | सुशासन<br>उत्तरदायित्व<br>जवाफदेयिता |

| क्र. स | विषयहरू | सम्भावित उत्तरहरू |
|---|---|---|
| ६ | विद्यमान भौतिक पूर्वाधार | गापाको कार्यालय, वडा कार्यालयलगायत |
| ७ | आन्तरिक आम्दानीको अवस्था | गापाको आम्दानी स्रोत भर्ने |
| ८ | फोहोर मैला व्यवस्थापन | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) जस्तै ल्याण्डफिल्डसाइट |
| ९ | खुला पार्क वा क्षेत्र | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १० | सार्वजनिक शौचालय | १. छ<br>२. छैन |
| ११ | खानेपानी | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १२ | बैंक तथ वित्तीय सेवा | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १३ | सामुदायिक भवन तथा सभाहल | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १४ | बजार क्षेत्र | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १५ | पशुवधशाला | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १६ | शवदाहस्थल | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |

| क्र. स | विषयहरू | सम्भावित उत्तरहरू |
|---|---|---|
| १७ | खेल मैदान | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १८ | गुरुयोजना | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| १९ | गाउँ, नगर प्रहरीको गठन | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| २० | सहकारी संस्था | १. भएको<br>२. नभएको<br>३. अन्य भए (खुलाउनुहोस) |
| २१ | जिन्सी सामग्री तथा सम्पत्तिको सूची | |
| २२ | सूचना तथा सञ्चार | १. एफ.एम रेडियो<br>२. पत्रपत्रिका<br>३. केबल टिभी भएका घर<br>४. डिस होम भएका घर<br>५. हुलाक<br>६. अन्य भए खुलाउनुहोस् |
| २३ | वन तथा भुसंरक्षण | १. वन क्षेत्र  २. बुट्यान क्षेत्र<br>३.सामुदायिक वनको संख्या, क्षेत्र<br>४.निजी वन क्षेत्र ...... ५.धार्मिक वन ...<br>६.साझेदारी वन ... ७ कबुलियती बन |
| २४ | उद्योग क्षेत्र | १. ठूला उद्योग २. मझौला उद्योग ३. साना उद्योग ४.लघुउद्यम |
| २५ | पर्यटन क्षेत्र | |

| क्र.स | विषयहरू | सम्भावित उत्तरहरू |
|---|---|---|
| २६ | भौतिक, पूर्वाधार, यातायात | जिल्ला सडक : नाम ,दूरी<br>गाउँ स्तरीय सडकः<br>राजमार्ग सडकः<br>सडक कालोपत्रे<br>धुले,कच्ची सडक<br>ग्राभेल सडक |
| २७ | व्यक्तिगत घटना दर्ता | जन्म दर्ता (पुरुष, .........महिला...............<br>मृत्यु दर्ता (पुरुष..........., महिला..............<br>विवाह दर्ता............<br>सम्बन्ध बिच्छेद दर्ता..................<br>बसाइसराइ दर्ता (सरेर आएको........, सरेर गएको....... |
| २८ | सामाजिक सुरक्षा | ● जेष्ठ नागरिक (अन्य) संख्या...........<br>● जेष्ठ नागरिक (दलित) संख्या...........<br>● एकल महिला<br>● विधवा<br>● पूर्ण अपाङ्गता भएका व्यक्ति<br>● आंशिक अपानगता भएका व्यक्ति<br>● लोपोन्मुख आदिबासी जनजाति<br>● बालबालिका |
| २९ | लैंगिक उत्तरदायी बजेटको अभ्यास गरेको छ ? | १. छ<br>२. छैन |
| ३० | दिगो विकास लक्ष्यलाई सहयोग पुराउने गरी योजना । | १. छ भए नाम उल्लेख गरौं.......<br>२. छैन |
| ३१ | जलवायु परिवर्तनलाई केन्द्रित गरी योजना बनाएको । | १. छ भए नाम उल्लेख गरौं.......<br>२. छैन |
| ३२ | संघीय वा प्रदेश स्तरको योजना, आयोजना, परियोजना, कार्यक्रम | १. छ, छ भने नाम, .............लागत............<br>२. छैन<br>३. अन्य भए लेख्नुहोस् |

| क्र. स | विषयहरू | सम्भावित उत्तरहरू |
|---|---|---|
| ३३ | स्थानीय योजना, आयोजना, परियोजना , कार्यक्रम | १. छ , छ भने नाम............<br>लागत............<br>२. छैन<br>३. अन्य भए लेख्नुहोस् |
| ३४ | शिक्षा | १. आधारभूत तह<br>२. माध्यमिक तह<br>३. क्याम्पस तह<br>४.निजी विद्यालय<br>५.अन्य भए (खुलाउनुहोस).... |
| ३५ | स्थानीय सामाजिक संघसंस्थाहरूको नाम | .... |
| ३६ | स्थानीय भाषा, संस्कृति, कलाको संरक्षण, संबर्द्धनको लागि के के काम भएको छ ? | १.<br>२.<br>३.<br>४. |
| | स्थानीय गरीब घर परिवार | १. पहिचान भएको<br>२. पहिचान नभएको<br>३. अन्य भए (खुलाउनुहोस)..... |

सहयोग र समयका लागि धन्यवाद ।

**सन्दर्भ सामग्रीहरू :**

खतिवडा, डा. सोमप्रसाद (२०७४), उदयपुरगढीको इतिहास र पर्यटन : पञ्चावती सामुदायिक घरबास (होमस्टे), उदयपुरगढी ।

उदयपुरगढी गाउँपालिका (अप्रकाशित) वस्तुगत विवरण २०७४ ।

स्थानीय तहहरूको वस्तुगत विवरण उदयपुर २०७४, तथ्याङ्क कार्यालय उदयपुर ।

स्थानीय तहको संगठन ढाँचा र दरबन्दी तेरिज, २०७४ ।

गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ भाद्र ।

गाउँपालिका/नगरपालिका वस्तुगत विवरण छायाँ, २०७४/०१/२६ नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (नगरपालिका योजना तथा व्यवस्था शाखा) सिंहदरबार, काठमाडौं ।

नगर पार्श्वचित्र मिर्चैया नगरपालिका सिराहा, २०७४ सिराहा : मिर्चैया नगरपालिका सिराहा ।

नेपालको संविधान, २०७२ कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (नगरपालिका योजना तथा व्यवस्था शाखा) सिंहदरबार, काठमाडौं ।

राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

स्रोत पुस्तिका, जिल्ला वन कार्यालय २०७४ उदयपुर ।

शैक्षिक तथ्याङ्क २०७४, जिल्ला शिक्षा कार्यालय, उदयपुर ।

स्रोत पुस्तिका डिभिजन सहकारी कार्यालय, उदयपुर, २०७४ ।

स्रोत पुस्तिका, जिल्ला समन्वय समितिको कार्यालय, उदयपुर ।

स्रोत पुस्तिका, २०७४ जिल्ला प्राविधिक कार्यलय, उदयपुर ।